राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिकरूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

जनहितमा जारी सन्देश
- चर्को गर्मीमा रिङ्टा लाग्ने,
- कीरा फटयाङ्ग्राको प्रकोप बढ्ने,
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ, जोगिएर बसौं।
- वर्षात्को मौसममा बासी खाना नखाऔं।
- बजारबाट किनेर ल्याएको तरकारी राम्ररी धोएर उपयोग गरौं।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन १२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 27 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२५

## नगरप्रमुख राजेशमान सिंहलाई तेस्रोलिङ्गीको जवाफ
## मेयरसाब यौन व्यवसाय रहर होइन, बाध्यता हो

प्रस, वीरगंज, ११ साउन/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले शुक्रवार सहयात्री समाज पर्साद्वारा आयोजित अन्तर्क्रिया कार्यक्रममा तेस्रोलिङ्गीहरूका कारण वीरगंज बदनाम भएको आरोप लगाए।




उनले तेस्रोलिङ्गीहरूले नै आफूमा सुधार ल्याउन पहल गर्नुपर्ने सुझाए। उनले तेस्रोलिङ्गीहरूलाई आइपर्ने सबैखाले समस्याहरूमा महानगरपालिकाको साथ र सहयोग रहने बताए।

पहिलो सेसनका प्रमुख अतिथि नगरप्रमुख सिंहले आफ्नो मन्तव्य व्यक्त गरेर गएपछि दोस्रो सेसनका वक्ताहरूले नगरप्रमुख सिंहको अभिव्यक्तिप्रति आक्रोश व्यक्त गरे। ब्लू डायमन्ड सोसाइटीकी नगमा खातुनले नगरप्रमुखको अभिव्यक्ति पाच्य नभएको बताइन्। उनले नगरप्रमुख सबैको अभिभावक भएकाले तेस्रोलिङ्गीहरूको हकमा अहिलेसम्म के गरेका छन् र आगामी दिनमा के गर्ने योजनामा छन्, सोको पुष्टि नगरेर वीरगंजको बदनामीको अभिभारा तेस्रोलिङ्गीमा मात्र थोपर्नु न्यायिक नभएको तर्क गरिन्। उनले वीरगंजमा महिला, पुरुष पनि यो व्यवसायमा संलग्न रहेकाले उनीहरूको चर्चा नगर्ने तर घरपरिवार, देश र समाजबाट अपहेलनाको शिकार भएर रोजगारविहीन तेस्रोलिङ्गीहरूले पेट मात्र पाल्नका लागि देहव्यापार गर्नुलाई बाध्यता नबुझेर बदनामको लोगो भिडाउनु जायज नभएको बताइन्। उनले आफू स्नातकोत्तरको अध्ययन पूरा गरी अहिले वकालत पढिरहेको र अध्ययन पूरा गरेपछि तेस्रोलिङ्गीहरूको पहिचान र अधिकारको लागि लड्ने बताइन्। तेस्रोलिङ्गीहरू तीनै तहका सरकारबाट पीडित रहेको उनको आरोप थियो।

लोकसेवालगायत सरकारी कामकाजमा आरक्षणको व्यवस्था मिलाउने हो भने धेरै मानिस खुलेर आउने वातावरण बन्ने दाबी गरिन्।

यसैगरी, सयपत्री समाज रौतहटकी जीना राना, फ्रेन्ड हेटौंडाकी भारती थापा र सहयात्री समाज कञ्चनपुरका चार्ल्स सिजापतिले पनि नगरप्रमुखको अभिव्यक्तिप्रति दुःख व्यक्त गरेका थिए। उनीहरूले घरपरिवार, समाज र राज्यबाट अपहेलित यौनिक तथा अल्पसङ्ख्यकहरूको पक्षमा बोल्ने मानिसहरू नभएको र सबै तहबाट उनीहरू अपहेलित मात्र हुँदै आएका कारण तराईमा नाचगान र यौन व्यवसायबाहेक अन्य व्यवसायमा जाने विकल्प नभएको बताए। तेस्रोलिङ्गी, समलिङ्गीहरूप्रति हेर्ने दृष्टिकोणमा बिस्तारै परिवर्तन भएपनि अहिलेसम्म कसैले रोजगार दिने अवस्था सिर्जना नभएकोले देशव्यापीरूपमा यो समुदाय यौन व्यवसायमा बाध्यकारी अवस्थाले संलग्न हुँदै आएको बताए।

कार्यक्रममा सहयात्री समाज पर्साका अध्यक्ष सुरज लिम्बुले पछिल्लो समयमा सरकारी तथ्याङ्कले पर्सामा खुलेर आएका यौनिक तथा अल्पसङ्ख्यकहरूको सङ्ख्या अढाई हजार पुगेको र उनीहरूसँग नियमित यौन सम्पर्कमा रहनेहरूको सङ्ख्या ४५ हजार रहेको बताए। उनले पछिल्लो तथ्याङ्कमा पर्सा जिल्लामा ६० जना तेस्रोलिङ्गी एचआइभी सङ्क्रमित रहेको बताए।

अन्तर्क्रियामा स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा मुक्तिनारायण साह, स्वास्थ्य महाशाखा महानगरका प्रमुख अजय यादव, एभरेस्ट बैंक वीरगंजका शाखा प्रमुख सुनील गिरीलगायतले यौनिक तथा अल्पसङ्ख्यकहरूको बारेमा आआफ्नो धारणा प्रस्तुत गरेका थिए।




कार्यक्रममा सामूहिक तस्वीर खिंचाउँदै तेस्रोलिङ्गीहरू। तस्वीरः प्रतीक

उनले देशको कुल जनसङ्ख्याको करीब १० प्रतिशत यौनिक तथा अल्पसङ्ख्यकहरू रहे पनि अहिले घरपरिवार, देश र समाजका कारण खुलेर आउन नसकेको बताइन्। उनले सरकारले यो समुदायको उन्नति र प्रगतिप्रति चिन्तित भएर

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, वडाध्यक्ष हीराकाजी महर्जन, प्रहरी उपरीक्षक कुमोध ढुङ्गेललगायतको सहभागिता थियो।

कान्ता चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा सञ्जु महतोले स्वागत गरेकी थिइन्।

## पत्रकार चन्द्रकिशोर र डा रुइतलाई सेवा पुरस्कार प्रदान

प्रस, वीरगंज, ११ साउन/

कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठीले यस वर्षको सेवा पुरस्कार–२०८१




पत्रकार चन्द्रकिशोर झालाई प्रदान गरेको छ।

विगत तीन दशकदेखि बद्रीविक्रम थापाको स्मृतिमा साउन ११ गते वार्षिकोत्सवको अवसरमा प्रदान गरिँदै आएको यो सेवा पुरस्कार आज काठमाडौंस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा कार्यक्रम आयोजना गरी प्रदान गरिएको हो।

पत्रकार चन्द्रकिशोरले नेपालका विभिन्न पत्रपत्रिकामा सान्दर्भिक समस्याहरूको उठान गरी विश्लेषणात्मक लेख लेख्दै आएकामा यस वर्षको सेवा पुरस्कार प्रदान गरिएको हो। रु दुई लाख २२ हजार २२२ रुपैयाँ राशिको पुरस्कार पत्रकार चन्द्रकिशोरले प्राप्त गरे।

कार्यक्रममा वरिष्ठ नेत्ररोग विशेषज्ञ एवं विश्वविख्यात व्यक्तित्व डा सन्दुक रुइतलाई पनि सो पुरस्कारबाट सम्मानित गरिएको गुठीका कोषाध्यक्ष किरण थापाले बताए।

डा रुइतलाई कर्मयोगी बद्रीविक्रम थापा राष्ट्रिय गौरव पुरस्कारबाट पुरस्कृत गरिएको कोषाध्यक्ष थापाले जानकारी गराए।

## साउन लागेसँगै माछामासुको बिक्री घट्यो

प्रस, पोखरिया, ११ साउन/



तिथिले साउन लागेसँगै पर्सा जिल्लामा माछामासुको बिक्री स्वात्तै घटेको छ।

अधिकांश हिन्दू धर्मावलम्बीले साउन महीनामा माछामासु खाँदैनन्। मितिले साउन १ गतेदेखि नै कतिपयले माछामासु खान छाडिसकेका थिए भने धेरैजसोले तिथिको आधारमा साउन ६ गतेदेखि

(बाँकी अन्तिम पातामा)

## अत्यधिक गर्मीले ग्रामीण जनजीवन प्रभावित

प्रस, सेढवा, ११ साउन/

तीन/ चार दिनदेखि बढेको प्रचण्ड घामसँगै अत्यधिक गर्मीका कारण



ग्रामीण जनजीवन नराम्ररी प्रभावित भएको छ। बिहानैदेखि हुने अत्यधिक गर्मी तथा हावा नचलेका कारण जनजीवन प्रभावित भएको हो। गर्मीका कारण किसानहरूलाई खेतबारीमा काम गर्न कठिनाइ भएको छ भने दैनिक ज्यालादारीको काम गर्ने ज्यामीहरूले पनि समस्या भोग्नुपरेको छ। अत्यधिक गर्मीका कारण ग्रामीण भेगमा १० बजेपछि बाटोघाटो सुनसान हुने गरेका छन् भने गर्मीबाट जोगिनका लागि बगैंचा, चौतारा, मठमन्दिरमा सर्वसाधारणको उपस्थिति बाक्लो हुने गरेको छ।

जीराभवानी गाउँपालिका–२ सेढवाका अमिरका महतोले गर्मीका कारण खेतबारीमा समेत काम गर्ने अवस्था नरहेको बताए। बिहान–बेलुका केही काम गर्न सकिए पनि दिउँसो अत्यधिक गर्मीका कारण काम गर्नै नसकिएको महतोले बताए। अत्यधिक गर्मीका कारण विशेषगरी ससाना बालबालिका तथा वृद्धलाई निकै समस्या भएको स्थानीयले बताएका छन्। घरमा पङ्खा चलाए पनि गर्मीका कारण पसिनाले निथ्रुक्कै भिज्ने गरेको स्थानीय बताउँछन्। गर्मी बढेकै बखत जिल्लाका सामुदायिक विद्यालयहरूले बिहानी कक्षा बन्द गरेर दिवाकालीन कक्षा सञ्चालन गरेका छन्। जसले गर्दा अहिले विद्यार्थीहरूलाई पनि धेरै समस्या भएको छ। बिहानी कक्षामा केही राहत थियो तर दिवाकालीन कक्षा बिहान १० देखि अपराह्न ४ बजेसम्म गरिएपछि पङ्खा भएकालाई त समस्या छ भने नभएकाहरूको अवस्था स्वतः आकलन गर्न सकिन्छ।

अत्यधिक गर्मीका कारण यस क्षेत्रमा विभिन्न किसिमका रोगका प्रकोप देखा परेका छन्। गर्मीका कारण ज्वरो, टाउको दुख्ने, छालाको सङ्क्रमण तथा आँखा पाक्ने जस्ता रोगको प्रकोप देखिएका छन्।

पटेर्वासुगौली गापा स्वास्थ्य शाखा प्रमुख भुजेन्द्र यादवले बर्खापछि अत्यधिक गर्मी हुँदा यस्ता रोग देखा पर्नु स्वाभाविक रहेको बताए। यी समस्याबाट बच्न शीतलमा बस्ने, घाममा नजाने, पानी धेरै खाने र स्वास्थ्यमा समस्या भए नजीकको स्वास्थ्य चौकीमा गई चिकित्सकलाई देखाउन उनले सुझाएका छन्।

## अनियमित लोडसेडिङविरुद्ध प्राधिकरणलाई ज्ञापन




प्रस, वीरगंज, ११ साउन/

जनमत पार्टी, पर्साले नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रमा शुक्रवार प्रदर्शन गर्दै ज्ञापनपत्र बुझाएको छ।

केन्द्रको मूलगेटमा ब्यानरसहित प्रदर्शन गरेपछि जनमत पार्टी, पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले वीरगंज वितरण केन्द्रका प्रमुखलाई पछिल्लो समय अत्यधिक गर्मी बढेको र यही बेलामा विद्युत् अनियमित तरीकाबाट कटौती भइरहेको र त्यसले आम जनतालाई सास्ती भइरहेकोतर्फ ध्यानाकर्षण गराएका थिए। विनासूचना विद्युत् आपूर्ति अवरुद्ध भइरहेको, भोल्टेज पर्याप्त नभएको कारण आम जनताका साथै उद्योगी–व्यवसायीहरूलाई पनि समस्या सिर्जना भएको उनले बताए। उनले प्राधिकरणका कर्मचारीहरूले विद्युत् अवरुद्ध भएपछि फोन नउठाउने र सही सूचना नदिने गरेको गुनासो गरे।

वीरगंज वितरण केन्द्रका प्रमुख अवधेश दुबेले विद्युत् अवरुद्ध आफ्नो कारणबाट नभएको र यसलाई नियमित गर्नेतर्फ प्रयास जारी रहेको बताएका थिए।

कार्यक्रममा जनमत पार्टीका विद्यालाल प्रसाद, सीमा गुप्ता, राजेश चौरसिया, राहुल रौनियार, अमरनाथ राठौर, दीपेन्द्र यादव, महेश चौरसिया, सुनील चौरसिया, राजनारायण मिश्र, मनोज साह, राजुराज गिरी, उदय यादव, सञ्जय साह, अञ्जना गुप्ता, रम्भा पटेललगायतको सहभागिता थियो।

### विचारसार र सूक्तिहरू

**एउटा उमेर हुन्छ, जब रूपरङ्ग महत्त्वपूर्ण हुन्छ, त्यसपछिको उमेरमा विचार महत्त्वपूर्ण हुन्छ । अन्तको उमेरमा साथ–सङ्गत मात्र महत्त्वपूर्ण हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# धान उत्पादन बढ्ने सङ्केत

**यस वर्ष धानबालीको समयमा पर्सेली किसानहरूले रोपाइँका लागि सिंचाइ र मलको समस्या भोग्नुपरेको छैन । बर्सेनि यो समस्या भोग्दै आएका यहाँका किसानहरूले अहिले धान रोपाइँको बखत र त्यसपछिका समयमा आवश्यक सिंचाइ र मलको समस्या बेहोर्नुपरेको छैन । अगहनी धान रोपाइँका बखत यस वर्ष आकाशे सिंचाइसँगै गण्डक नहरले पनि समयमा पानी दिएको छ । गण्डक नहरमा बर्सेनि दुईपटक भारतले पानी छाड्दै आएको छ । यस अघि नहरमा पानी बाली रोप्ने समयमा नछाडिने गरेको कारण समस्या हुने गरेको थियो । असारको १५ र माघको १५ मा गण्डक नहरमा पानी दिनुपर्ने भारतसँगको सम्झौता छ । गण्डक नहर पर्सा, बारा र रौतहट गरी तीन जिल्लासम्म करीब ८१ किलोमिटर लामो छ । अहिले भारतले गण्डक नहरमा असार १३ गतेदेखि नै नेपालको राष्ट्रिय धान दिवसलाई लक्षित गरेर पानी दिएको छ । औसतमा साढे ८५० क्युसेक पानी दिनुपर्ने सम्झौता भएपनि अहिलेसम्म भारतले ६५० क्युसेकभन्दा बढी पानी दिएको छैन ।**

**अहिले भारतले दिएको पानी पर्सा र बाराका किसानहरूसम्म मात्र पुग्न सकेको छ भने रौतहटका किसान गण्डक नहरबाट यो वर्ष अहिलेसम्म लाभान्वित हुन सकेका छैनन् । बाराको जमुनिया खोलासम्म मात्र ६५० क्युसेक पानी पुगेको छ । पर्साका ४५ हजार र बाराका ६० हजार हेक्टर जमीन गण्डक नहरको पानीबाट सिञ्चित भएको छ । धानबालीका लागि असार र गहुँबालीका लागि माघमा गण्डक नहरमा सिंचाइका लागि पानी आउँछ । तर यस्तो यस वर्ष मात्र सम्भव भएको छ । धानबालीको बखत समयमा गण्डक नहरमा पानी छ । अब माघमा गहुँबालीको लागि समयमा गण्डक नहरमा पानी आउने कुरामा भने सन्देह नै छ । पर्सामा गण्डक नहरदेखि उत्तर पश्चिम क्षेत्र थारुवानमा सिंचाइका विभिन्न विकल्पहरू छन् । डीप बोरिङ, कुलोको व्यवस्था पर्याप्त मात्रामा रहेकाले थरुहट क्षेत्रमा धान, गहुँ र चैते धानबाली समयमा हुने गरेको छ । यसका अतिरिक्त अन्य बालीहरू पनि थरुहट क्षेत्रमा हुँदै आएका छन् । थरुहटमा बर्सेनि तीन बाली पर्याप्त सिंचाइ सुविधाका कारण हुँदै आएको छ । तर जिल्लाको गण्डक नहरदेखि दक्षिणपश्चिम बझियान क्षेत्रमा भने सिंचाइको लागि गण्डक नहर र आकाशे पानीबाहेक सिंचाइका अन्य व्यवस्था छैनन्, जसले गर्दा बझियानमा बर्सेनि दुई बाली धान र गहुँ मात्र हुन्छ ।**

**यस वर्ष पर्सामा सिंचाइको अवस्था राम्रो रह्यो भने मलको पनि खासै समस्या नभएको किसानहरूको भोगाइ छ । किसानहरूलाई धान रोपाइँको बखत युरिया, डिएपी र पोटास गरी तीनैथरीका मल आवश्यक हुन्छ । धान रोपाइँ सम्भवत: अन्तिम अवस्थामा छ । यो बखतसम्म मल सहज उपलब्ध भएको किसानहरूको भनाइ छ । अन्यथा प्रत्येक वर्ष पर्सेली मात्र होइन देशभरका किसानले बाली लगाउने बेलामा मलको अभाव झेल्दै आएका छन् । देशभर करीब ७० लाख मेटन मल आवश्यक पर्छ तर सरकारले भने ४० लाख मेटन मात्र आयात गर्दै आएकोले मलको समस्या भएको हो । यस वर्ष भने मलको आयात समयमा भएको र सिंचाइ सुविधा पनि किसानले समयमा पाएकाले धानको उत्पादन [redacted] छ ।**

# तर्कको अभावमा अज्ञातको डरबाट अन्धविश्वास जन्मिन्छ

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**हाम्रो समाजमा मात्र होइन संसारभरिका विभिन्न भागका मानिसले अन्धविश्वास राखेको देखिन्छ । जस्तो कि अमेरिकामा आफूले भनेको कुरा सत्य नहोस् भनेर मानिसले काठमा टकटक पार्छन् । अमेरिकी तथा अन्य पश्चिमाहरूले १३ अङ्कलाई नराम्रो मान्ने र यसले दुर्भाग्य निम्त्याउँछ भन्दै यसबाट सधैंभरि जोगिन प्रयास गर्छन् ।**

यसै हप्ता काठमाडौंबाट पोखराको लागि उडेको जहाज दुर्घटनाग्रस्त हुँदा १८ जना नेपालीले ज्यान गुमाए । त्यसभन्दा केही दिन अघि दुईवटा रात्रिबस त्रिशूली नदीमा पहिरोले गर्दा खस्दा ६५ जनाले ज्यान गुमाए । अहिलेसम्म जति प्रयास गरे पनि नदीमा खसेको बस फेला पार्न सकिएको छैन । यसरी प्रत्येक वर्ष लगभग १० हजार नेपालीको ज्यान सडक दुर्घटना (सवारी दुर्घटना)मा हुने गर्छ । यो हामी नेपालीको लागि सबैभन्दा दु:खद कुरा हो । तर यस प्रकारका दुर्घटनाहरूलाई नभएको काल्पनिक भाग्यसँग जोडेर व्याख्या गर्नु तथा त्यस्तो आधारहीन अवैज्ञानिक व्याख्याहरूलाई झन् कुनै मूर्तिविशेषमा पसिना आएकोले यस्तो अनिष्ट हुन गएको भनी प्रचार गर्नु कानूनी अपराध पनि हो । हाम्रो समाजमा पढेलेखेका तथा नपढेका दुवै वर्ग समुदायका मानिसहरूमा अन्धविश्वासको दर उच्च रहेको देखिन्छ । आखिर किन मानिसहरू अन्धविश्वासबाट यतिधेरै प्रभावित छन् ? के हो अन्धविश्वास ? के साँच्चिकै भीमेश्वर महादेवलाई पसिना आएर हवाई दुर्घटना भएको हो त ? आउनुस्, यसबारे केही चर्चा गरौं ।

अन्धविश्वास भनेको अन्धोहरूले गर्ने विश्वास हो भन्दा पनि हुन्छ । अर्थात् ज्ञान नभएका मानिसहरूले गर्ने विश्वास हो । तर यसको मतलब यो होइन कि ज्ञान नभएका मानिसले मात्रै अन्धविश्वास मान्छ । वास्तविकता यो हो कि पढेलेखेका मानिसहरू पनि अन्धविश्वास मान्छन् ।

अन्धविश्वास जसलाई अङ्ग्रेजी भाषामा 'सुपरस्टिसन' भनिन्छ, यो शब्द ल्याटिन भाषाबाट आएको हो । यसको अर्थ 'परमेश्वरबाट डराउनू' हो । वास्तवमा अन्धविश्वास भनेको त्यस्तो अभ्यास हो, जसको आधार भाग्य वा परम्परागत अवैज्ञानिक विश्वास हो । अन्धविश्वास जागरूकता र शिक्षाको अभावका कारण मात्र मानव समाजमा अस्तित्वमा रहेको होइन । यो अज्ञातको डरबाट पैदा भएको हुन्छ ।

अन्धविश्वासको जग परम्परा, संस्कृति र पुस्तौंदेखि गरिएको अभ्यास नै हो । यो समाजभित्र अनपढ वा पढेलेखेका विद्वान्हरूमा समेत जरा गाडेर बसेको हुनाले यसलाई हटाउन निकै गाह्रो छ । खासगरी कुनै व्यक्तिसँग तार्किक जवाफ छैन भने उसले अन्धविश्वासको सहारा लिएको देखिन्छ । संसारमा अझै पनि धेरै मानिस अन्धविश्वासमा भर पर्ने गरेका देखिन्छन् ।

मानिसहरूले किन अन्धविश्वासमा विश्वास गर्छन् भनेर दुई शब्दमा भन्ने हो भने यो पुष्टीकरण पूर्वाग्रह (कन्फरमेसन वायस) हो । यो नयाँ प्रमाणलाई आफ्नो अन्तरमनमा अव्यस्थित विश्वास वा सिद्धान्तहरूको पुष्टिको रूपमा व्याख्या गर्ने प्रवृत्ति हो । मानिसहरूले सफलतालाई मिहिनेत र परिश्रमसँग मात्र नभएर भाग्यसँग जोडेर हेर्ने गर्छन् । यस्तो प्रवृत्ति हाम्रो समाजमा मात्रै नभई विश्वव्यापी नै रहेको देखिन्छ ।

उदाहरणाका लागि यदि एक विद्यार्थीले एउटा खास कलमले परीक्षा दिन्छ र ऊ राम्रो नतीजा ल्याउँछ भने उसलाई के लाग्छ भने उसले गरेको मेहनतले होइन भाग्यशाली उसको कलम हो । जसबाट लेख्दा उसको नतीजा राम्रो आएको हो । यो पनि अन्धविश्वास नै हो ।

हाम्रो समाजमा मात्र होइन संसारभरिका विभिन्न भागका मानिसले अन्धविश्वास राखेको देखिन्छ । जस्तो कि अमेरिकामा आफूले भनेको कुरा सत्य नहोस् भनेर मानिसले काठमा टकटक पार्छन् । अमेरिकी तथा अन्य पश्चिमाहरूले १३ अङ्कलाई नराम्रो मान्ने र यसले दुर्भाग्य निम्त्याउँछ भन्दै यसबाट सधैंभरि जोगिन प्रयास गर्छन् । त्यसैगरी, रूसमा कसैलाई जोडा सङ्ख्याको फूल दिएमा फूल लिने मानिसलाई दुर्भाग्यको कामना गरेको रूपमा लिइन्छ भने आयरल्यान्डमा 'म्याक पी' नामको चराको सङ्ख्या अनुसार भाग्य र दुर्भाग्यको निर्णय गरिन्छ । जापान र कोरियामा रातो मसीले नाम लेखेमा नाम लेखिने मानिसको मृत्यु हुन्छ भन्ने विश्वास गरिन्छ । यसलाई 'ट्रिस्केडेकाफोफिया' पनि भनिन्छ ।

यसरी नेपाल र भारतको सन्दर्भमा उल्टो चप्पलले दुर्भाग्य ल्याउँछ र कालो हाडी वा पुराना जुत्ता नयाँ गाडी वा निर्माण गर्न लागेको ठाउँमा झुन्ड्याएमा नराम्रो नजरबाट जोगिन्छ भन्ने विश्वास गरिन्छ । कालो बिरालोले बाटो काट्यो भने नराम्रो हुन्छ र हत्केला चिलाएमा पैसा खर्च हुने भन्ने विश्वास गरिन्छ । नेपाल र भारतमा विशेषगरी मानिसहरूले विधवा र कमजोर महिलालाई बोक्सीको आरोप लगाएर यातना दिने गरेका छन् । उनीहरूलाई अनेक दोष लगाएर फोहोर खुवाउने र नाङ्गो पारेर गाउँ घुमाउने जस्ता अमानवीय काम प्रत्येक वर्ष हुने गरेको समाचारमाध्यमहरूमा प्रसारण भएको सबैले सुनेकै हो ।

समाजमा छुवाछूत नामक कुप्रथा विद्यमान छ । छुवाछूत कुप्रथाको कारण मानिसलाई कुटेर मारेको जस्ता जीउ सिरिङ हुने घटना भएका छन् । मानिसहरू आफ्नो घरभित्र कुकुरलाई राख्छन्, सोफामा बसाउँछन् तर तल्लो जात भनेर मानिसलाई घरभित्र आउन दिंदैनन् । हेला होचो गर्छन्, यो पनि अन्धविश्वासकै परिणाम हो । महिलाहरूलाई मासिक धर्म भएको बेला अशुद्ध मानी छाउपडीमा राख्दा कतिको छाउपडीमैं मृत्यु हुने गरेको छ । यी सबै अन्धविश्वासका उदाहरण हुन् । बोक्सी, छुवाछूत, छाउपडी जस्ता कुप्रथाहरू कानूनविरुद्धका प्रचलन हुन् । तर पनि के सुगम के दुर्गम, के गाउँ के नगर सबै क्षेत्रमा यस किसिमका अमानवीय कार्य अनपढ तथा विद्वान्हरूका घरभित्र व्यापकरूपले भएको देखिन्छ ।

अन्धविश्वासले मानिसहरूलाई आधुनिक विज्ञान र प्रविधिमा भन्दा अलौकिक शक्तिमा निर्भर हुन सिकाएको छ । विज्ञानले बनाइदिएको मोटरसाइकल, ट्रक, बस, जीप,कार, हवाईजहाज आदि चलाउने चालकले चलाउनुभन्दा पहिले मेशीनलाई ढोग्ने गरेको देखिन्छ । उसलाई राम्ररी थाहा छ, ढोगेर केही हुँदैन । उसले राम्ररी चलाउन सके मात्रै दुर्घटनाबाट जोगिन्छ तर चलाउने बेलामा जाँडरक्सी खाएर चलाउने वा अनिदो भएर चलाउने अनि दोष भाग्यलाई दिने यस प्रकारको अवस्थाले अन्धविश्वासलाई मलजल गरेको छ । यसले हाम्रो समाजमा नराम्रो असर पारिरहेको छ । हाम्रो समाजमा अझै पनि अन्धविश्वास जारी रहेकोले समाजको आधुनिकीकरणमा समेत अवरोध पुर्‍याइरहेको छ । यसले विकासमा बाधा पुर्‍याउँछ र समाजको उन्नतिमा गतिरोध ल्याउँछ । गाउँशहरमा रहेका विद्यालय तथा अस्पतालहरूको गुणस्तर कसरी उकास्ने हो ? के गरेर राम्रो उत्पादन गर्ने हो ? यसतर्फ ध्यान दिनुको सट्टा भएका मन्दिरहरूको सौन्दर्यीकरण कसरी गर्ने अझै ठूलाठूला मन्दिर कसरी बनाउने विभिन्न खालका झाँकी यात्राहरूको सुरुआत गर्ने जस्ता अन्धविश्वासी कुराहरूमा लाखौं लाख खर्च गर्ने बानीले गर्दा समाज विकास गर्नुभन्दा पतनको बाटोमा अघि बढिरहेको स्पष्ट हेर्न सकिन्छ ।

अन्धविश्वास उन्मूलन गर्नको लागि जनताभित्रबाट जबसम्म डर भन्ने चीज हट्दैन, तबसम्म यसको उन्मूलन सम्भव छैन ।

जनतामा चेतना जगाउनुपर्छ । शिक्षा र चेतनाको स्तर बढ्दै जाँदा तर्क र तथ्यमा विश्वास गर्ने प्रवृत्ति बढ्छ । यस प्रवृत्तिले अज्ञातबाट पैदा हुने डरबाट बच्न अन्धविश्वास हैन, आत्मविश्वासको विकास गर्न प्रेरित गर्छ । त्यसैले हामीले अन्धविश्वासको सट्टा वैज्ञानिक तथ्यहरूमा विश्वास गर्नुपर्छ । भाग्यभन्दा कार्यमा विश्वास गर्नुपर्छ । श्रम र परिश्रममा विश्वास गर्नुपर्छ । तसर्थ हामीले अन्धविश्वास त्यागेर विज्ञान र तर्कको बाटोमा लाग्नुपर्छ । आफ्नो गाउँनगरमा भएका विकास बजेट विद्यालयहरूमा रहेका विज्ञान प्रयोगशालाको अवस्था के कस्तो छ, त्यसको प्रयोग के कस्तो छ, यी कुराहरूको नियमित अनुगमन र निरीक्षण, दण्डसजाय पुरस्कार आदिको माध्यमबाट जाने हो भने समाजभित्रबाट अन्धविश्वास हटाउन सजिलो हुन्छ । न कि टोलटोलमा मन्दिर बनाउने, मस्जिद बनाउने, चर्च बनाउने यस्ता धार्मिक संस्थाहरू बनाएर धर्ममा मान्छेलाई लिप्त गराएर अन्धविश्वासलाई बढाएर विज्ञानलाई पछाडि पारेर कहिले पनि समाज अगाडि बढ्न सक्दैन । यो कुरो सबैले बुझ्न जरुरी छ ।

# भारतले धान, चामल निर्यातमा कर लगाउँदा, आयात ह्वात्तै घट्यो

वीरगंज (पर्सा), ११ साउन/रासस

प्रमुख भन्सार नाका वीरगंज भन्सार कार्यालय हुँदै धान, चामलको आयातमा गिरावट आएको छ ।

भारत सरकारले धान, चामल निर्यातमा कोटा प्रणाली हटाएर थप २० प्रतिशत कर लाग्ने व्यवस्था गरेसँगै यसको प्रभाव नेपालमा परेको हो । कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा आठ अर्ब २८ करोड ५५ लाख ४२ हजार मूल्य बराबरको २० करोड ८० लाख ९२ हजार ४४८ किलोग्राम धान नेपाल आयात भएको थियो ।

आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा धान आयातको परिमाण ४४ दशमलव ६० प्रतिशतले घटेको थियो । सरकारले प्राप्त गर्ने राजस्व पनि ३९ दशमलव ८१ प्रतिशतले घटेको थियो । सरकारले गत आवमा धान आयातबापत राजस्व भने ४० करोड ५३ लाख २६ हजार सङ्कलन गरेको थियो ।

कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुङ्गानाले भारत सरकारले गत आवमा धान, चामल निर्यातमा दिंदै आएको कोटा प्रणाली हटाएर थप २० प्रतिशत कर लगाएसँगै धान, चामलको आयातमा गिरावट आएको बताए ।



"वीरगंज भन्सार कार्यालय हुँदै आयात हुने धान, चामलको परिमाण ठूलो मात्रामा घटिरहेको छ," उनले भने, "धान, चामलको आयात मात्रै होइन । राजस्व सङ्कलनमा पनि प्रत्यक्ष असर पारिरहेको छ ।" वीरगंज भन्सार कार्यालय हुँदै आव २०७९/८० मा १३ अर्ब ७६ करोडको धान आयात गरिएको थियो । सो आवमा ३८ करोड ५५ लाख ८८ हजार ३३९ किलोग्राम धान आयात गरिएको थियो । सो धान आयात हुँदा सरकारले राजस्वबापत ६७ करोड ३४ लाख ६३ हजार सङ्कलन गरेको थियो ।

आव २०८०/८१ मा वीरगंज भन्सार कार्यालय हुँदै एक अर्ब ७२ करोड ६२ लाख ५३ हजार मूल्य बराबरको एक करोड ३२ लाख ४१ हजार ३७३ किलोग्राम चामल आयात भएको थियो । अघिल्लो आवको तुलनामा गत आवमा यो भन्सार कार्यालय हुँदै आयात हुने चामलको परिमाणमा ६३ दशमलव ८० प्रतिशतले गिरावट आएको थियो । कार्यालयले चामल आयातबापत प्राप्त गर्ने राजस्व पनि ४१ दशमलव आठ प्रतिशतले घटेको देखिन्छ । गत आवमा चामल आयात हुँदा राज्यले १९ करोड ८७ लाख ३० हजार राजस्व सङ्कलन गरेको थियो ।

आव २०७९/८० मा भने दुई अर्ब ९५ करोड ९९ लाख ४४ हजार मूल्य पर्ने तीन करोड ६५ लाख ८२ हजार ६८३ किलोग्राम चामल आयात भएको थियो । सो चामल आयात हुँदा राज्यले २३ करोड ४३ लाख ८३ हजार राजस्व सङ्कलन गरेको थियो ।

गत आवमा धान र चामलको आयात घटे पनि मकैको आयात भने केही बढेको थियो । आव २०८०/८१ मा मकै भने पाँच अर्ब ५९ करोड १९ लाख एक हजार मूल्य पर्ने १२ करोड ९९ लाख १८ हजार १७३ किलोग्राम आयात भएको थियो । सो मकै आयात हुँदा राज्यले २७ करोड ७४ लाख १० हजार राजस्व सङ्कलन गरेको थियो । आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा मकैको आयात भने परिमाणमा तीन दशमलव ७२ प्रतिशतले बढेको थियो । राजस्व रकम पनि अघिल्लो आवको तुलनामा १८ दशमलव ३६ प्रतिशतले बढेको थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

## एउटा असल पुस्तकको कथा

स्वान्त सुखायः




सञ्जय मित्र
mitrasanjay41@gmail.com


आफूलाई असल लागेका पुस्तक म किन्छु । कसैले धेरै प्रेसर दिनुपर्दैन वा कसैले सिफारिश गर्नुपर्दैन । कतिपय पुस्तकको समीक्षा पढेर पनि किन्छु । समीक्षा पढेर राम्रो लाग्दा किन्छु । कतिपय पुस्तकको नामले नै प्रभावित पार्छ । नाम नै काफी हुन्छ पुस्तकको विषयवस्तु जान्नलाई । कतिपय निकै राम्रा पुस्तकहरू नकिने पनि हात पर्छ ।

पुस्तक पढ्नका लागि भनेर साथी र अग्रजहरूले दिने गरेका छन् । मलाई के थाहा छ भने कुनै पनि पुस्तक आफैंमा मूल्यवान् हुन्छ । पुस्तक तोकिएको मूल्यभन्दा अर्थात् मैले तिरेको मूल्यभन्दा बढी मूल्यवान् हुन्छ । अझ मूल्य परेको, परिश्रम परेको पुस्तक जब कुनै लेखकबाट सित्तैमा प्राप्त गर्छु, तब मलाई यो पनि लाग्छ कि यसको मूल्य कसरी तिर्न सकिएला ? अनि उक्त पुस्तक पढिसकेपछि त्यसबारे केही लेख्ने गर्छु । कुनै पत्रपत्रिका वा अनलाइनमा उक्त पुस्तक र सम्भव हुँदासम्म अलिकति लेखकबारे चर्चा गर्छु । वा कतिपय पुस्तकको त समीक्षा नै लेख्ने गरेको छ । हुनत सबै पुस्तक राम्रा हुन्छन् वा होलान् तर कतिपय पुस्तक पढ्न पाउँदिनँ । मैले अहिलेसम्म एकजना निकै प्रिय र श्रद्धेय लेखकको एउटा पुस्तकको समीक्षा लेख्न सकेको छैन किनभने उक्त पुस्तकले मलाई अलिकति पनि आकर्षित गर्न सकेन । आवरण र पुस्तकको डिजाइन, छपाइ सबै असल हुँदाहुँदै पनि र मैले मूल्य नतिरेको भएपनि केही लेख्न सकिनँ किनभने मलाई के लाग्यो कि उक्त पुस्तकको विषयवस्तु वा प्रस्तुतिको शैलीले मलाई आकर्षित गर्न सकेन । जुन पुस्तकले मलाई प्रारम्भमा आकर्षित गर्न सक्दैन, यस्ता पुस्तकका केही अंश पढेर एकातिर राखिदिन्छु । केही दिनपछि पुनः पढ्ने प्रयास गर्छु । यदि तेस्रो प्रयासमा पनि सकिनँ भने एकातिर थन्क्याइदिन्छु । कुनै बेला पढूलाँ भनेर राखिएका यस्ता कतिपय पुस्तकले मेरो समय बचाइदिएका छन् ।

हरेक यात्रामा जाँदा केही पुस्तक किन्ने गरेको छु । यसरी किनिएका पुस्तकहरू मलाई यस कारण बढी प्रिय छन् कि उक्त पुस्तकसित यात्राको याद वा इतिहास जोडिएको हुन्छ । पुस्तक किन्दाको कथा जोडिएको हुन्छ । यसरी मकहाँ रहेका हजारौं पुस्तकका सयौं कथा छन् । जब म पुस्तक हातमा लिन्छु, तब उक्त पुस्तकको कथा सम्झना हुन्छ । कतिपय सम्झना निकै रमाइला पनि हुन्छन् । निकै प्रसिद्धस्थल र निकै टाढा पुगेको समयमा किनेर राखिएका पुस्तकहरू पनि छन् । जब ती पुस्तक कुनै बेला हातमा पर्छ, तब उक्त ठाउँमा पुगेको सम्झना ताजा भएर आउँछ । यसैले मेरो सल्लाह यो छ कि कतै जाँदा अरू सामग्री किन्ने हो भने कति समयसम्म घरमा रहला, तर पुस्तक किन्ने हो भने यात्राको स्मृतिलाई आजीवन ताजा बनाइराख्छ ।

पुस्तकजस्तो एकान्तको साथी अरू कोही छैन । जतिखेर कुनै धार्मिक, ऐतिहासिक र दार्शनिक प्रश्न मनमा उब्जन्छ, तब आजभोलि सोझै गूगललाई सोधेर वा गूगलमा प्रश्न लेखेर उत्तर खोज्ने चलन बढेको छ । अब त एआईका धेरै एप आइसकेका छन् । इन्टरनेटले सजिलै उत्तर दिने रहेछ तर हामीजस्ता पाठकलाई ती उत्तरहरूमा तिर्खा मेट्ने साधन पाउन निकै कठिन हुन्छ । बलजफ्ती तृप्त हुनुपर्छ । वास्तविक आनन्द पाउन त पुस्तक नै पढ्नुपर्छ । यही आनन्दको खोजीमा मेरो घरमा पुस्तकहरू आएका छन् ।

गौरको बिपीचोकमा एउटा पुस्तकपसल छ । मलाई के लाग्छ भने गौर पुस्तक पढ्ने शहर होइन । यहाँ महीनामा एउटा मात्र पुस्तक पढ्ने कोही मान्छे पनि छन् कि ? पछिल्लो चरणमा एकजनाले आफ्नो जीवनको उत्तरार्द्धमा पुनः पढ्न थालेका छन् तर उनी आफूलाई गौरको मान्दैनन् । जेहोस्, बिपीचोकको पुस्तकपसलमा मात्र होइन, गौरको कुनै पनि पुस्तकपसलमा, पुस्तक भन्नासाथ कुनै बोर्डिङ वा क्याम्पसका किताब वा गेस पेपर वा गाइड बुझिन्छ । कुनै पनि साहित्यिक पुस्तक खोज्दा हामीजस्ताले राखिदिएका एक/दुई पुस्तकबाहेक अन्य पाइँदैन तर बिपीचोकको उक्त पुस्तकपसलमा एउटा पुस्तक देख्छु– भारतीय दर्शनों में क्या है ?

'वेदमा के छ ?' नेपालमा निकै चर्चित कृति हो । भारतीय दर्शन भनेको यही गौरसँग सिमाना जोडिएको बैरगनिया वा वीरगंजसित सिमाना जोडिएको रक्सौल वा बिहारको दर्शनको सवाल हैन ? कृतिले भारतीय भनेको चाहिं करीब पूर्वीय हो । अर्थात् भारतीय दर्शनमा के छ ? भन्नुको अर्थ पूर्वीय दर्शनमा के छ भनेको हो । इतिहास, संस्कृति र साहित्यका साथै धर्मसम्बन्धी हजारौं पुस्तक मेरो घरमा छ तर यो पुस्तक चाहिं एउटा आँखीझ्यालजस्तो लाग्छ । गौरको पुस्तकपसलमा यस प्रकार दर्शनसम्बन्धी पुस्तक अचम्म मान्दै माग्छु । ठीक त्यति बेला आइपुग्छन्, रामपुकार पटेल ।

पटेल पत्रकार हुन् । कुनै बेला जिल्लामा यिनले दैनिक पत्रिका चलाउने आँट गरेका थिए । यिनी अरूभन्दा यस अर्थमा फरक देखिएका थिए कि कुनै पनि हालतमा पत्रिका निकाल्थे । यिनले मलाई यो पनि आग्रह गरेका थिए कि केही लेखकहरू मिलाइदिनुहोस् कि पत्रिकामा मौलिक लेखहरू छाप्न पाइयोस् । मैले आफूले पनि लेखेको थिएँ, केही अङ्क र केही साथीहरूका रचनाहरू पठाएको थिएँ । यिनी मलाई श्रद्धा गर्छन् र म पनि उनलाई आदर गर्छु ।

भारतीय दर्शनों में क्या है ? पुस्तक मेरो हातमा पर्दा नपर्दै अभिवादनको औपचारिकता पूरा हुन्छ । हामी केही कुरा गर्छौं । मलाई एउटा समाचार चाहिएको थियो । उनी समाचारसित सम्पर्क गराउने सूत्र बन्छन् । समाचारबारे त्यहीं कुराकानी हुन्छ । जसलाई खोजेको थिएँ, पटेलजीले नै बोलाइदिन्छन्, फोन गरेर । उनकै अगाडि कुराकानी हुन्छ । मलाई चाहिएको समाचारको सामग्री पूरा हुन्छ । मेरो समाचारको लागि चाहिएको फोटोको लागि भन्छु ।

अलिअलि पानी परेको छ । मेरो हातमा उक्त पुस्तक छ । अब अलिकति विषयवस्तु हेरूँ किनी हेरूँ भन्नेमा थिएँ । मूल्य पनि कति होला ? पुस्तक पुरानो भइसकेको छ । पुरानो पुस्तकको मूल्य प्रायः कमै हुन्छ । म पुस्तकमा अलमलिइरहेको बेला पटेलजी भन्छन्– लानुस् यो पुस्तक । तपाईं त धर्म, इतिहास तथा संस्कृतिका बारेमा पढ्ने–लेख्ने मानिस हुनुहुन्छ । यो पुस्तक तपाईंलाई धेरै काम लाग्ने किसिमको छ ।

पुरानो कोट लगाऊ, तर नयाँ पुस्तक किन । यो भनाइ यस किसिमको कतिपय अवस्थामा लागू हुँदैन । कतिपय पुराना कुराहरू पुरानै स्वरूपमा थाहा पाउन पुरानै वस्तु चाहिने हुन्छ । वास्तविक आनन्दका लागि मूल पुस्तक नै चाहिन्छ । पटेलजी पुस्तक साहुलाई खोज्न थाल्छन् । पसलमा साहुका छोरा वा अन्य कोही छन् । उनीसित पनि दोहोरो चिनजान र घनिष्टता छ, पटेलजीको । पटेलजीको आग्रह अनुसार मैले पुस्तक आफ्नो झोलामा राख्नुभन्दा पहिले खल्तीबाट नेपाली पाँच सय रुपियाँको एउटा नोट पसलेतिर बढाउँछु । पटेलजी भन्छन्– मैले लैजानू भनेपछि तपाईंले मूल्य तिर्नुपर्दैन । लैजानुस् भनेपछि लैजानुस् । उनी अझ थप्छन्– उसको (पसलेको) बुवा भइदिएको भए अझै केही धार्मिक र सांस्कृतिक पुस्तकहरू दिन लगाउँथे । सबैको पैसा म तिर्छु । तपाईंले पैसा तिर्नुपर्दैन ।

पटेलजीले सिफारिश नगरीकनै मैले पुस्तक निकाल्न लगाएको थिएँ । भारतीय अर्थात् पूर्वीय दर्शनबारे सङ्क्षेपमा जानकारी दिने पुस्तक भएकोले मैले लिन खोजेकै हो । पैसा तिर्नको लागि म अलिकति बलजफ्ती गर्न खोज्छु र पटेलजी मेरोअगाडि अझ बलियो भएर उभिन्छन् ।

उनी बिरामी परेर दिल्ली उपचार गराइरहेका छन् । पहिलेको जस्तो जीउ छैन । पत्रिकाको प्रकाशन यही कारणले रोकिएको छ । उनको हिम्मत भने कम भएको छैन । उनी पत्रकारितामा निष्क्रिय भइसकेका छैनन् । मूलतः हिन्दू वा सनातन धर्मप्रति अटुट आस्थावान् छन् । यस्ता पुस्तक कति पढ्छन् ? मलाई खासै जानकारी छैन तर उनी भन्छन्– यस्तो पुस्तक पढ्ने मानिस कमै छन् । यिनीसित अझ राम्रा पुस्तक छन्, तपाईंलाई कुनै दिन साहुजीसँग चिनजान गराउँला । आफू पनि पुस्तक पढ्छन् । पुस्तक पढेर जानकार भएका मानिस हुन् । म पनि उत्सुक हुन्छु चिनजानको लागि, तर अहिलेसम्म संयोग मिलेको छैन ।

त्यो पुस्तक लिन्छु, पैसो भने तिर्नुपरेन । त्यहाँ चार/पाँच जना भेला भइसकेका हुन्छन् । सबै पटेलजीकै पक्षमा हुन्छन् । अहिले पनि पुस्तक मसित छ । जब मलाई कुनै बेला पूर्वीय दर्शनसम्बन्धी केही कुरा जान्न मन लाग्छ, तब म सोझै उक्त पुस्तक पल्टाउन पुग्छु । जब पुस्तक पल्टाउँछु, मलाई सम्झना हुन्छ– गौरको त्यो दिन र पटेलजीका साथै उनको राजदेवी दैनिक ।

### म सधैं हाँस्छु

- राजेन्द्रप्रसाद कोइराला

मैले हाँसेको त सबैले अनुभूति गर्न पाउँछन्
तर त्यो हाँसोको पछाडिको पीडा
कसैले कहाँ देख्न सक्छ र !!!
कोही भित्रबाट कति टुटेको हुन्छ
त्यो कहाँ कसैले बुझ्न सक्छ र !!!
हाँसो पो अरूलाई देखाउने हो
आफू टुटेको त किन देखाउनु दुनियाँलाई ?

भीडमा दौडिरहेका छन् सबैजना
आफ्नो भोलिको सपना बोकेर,
तर आज के के छुटिरहेका छन्
त्यो त कहाँ देखिंदो रहेछ र !!!

## बूढापाकाे गन्थन

कथा




सदानन्द अभागी


जेठको गर्मी, तातो हावा, पहाडको खोंच, दुईजना बूढा घरको नजीकै पीपलको छहारीमा बसेर दुःखेसो पोखिरहेका थिए । उमेरले करीब एकजना ९० वर्ष काटिसकेका थिए निरोगी भएको कारणले अझै लौरो टेक्न परेको थिएन भने एकजना ८० को हाराहारीमा थिए । ९० वर्षे वृद्ध जसको नाम मनप्रसाद थियो । धन, धान, पुत्रपुत्रीको हिसाबले पनि निकै धनी थिए । ८० वर्षे वृद्ध जसको नाम श्यामप्रसाद थियो तर अलिक कमजोर थिए । ९० वर्षेले ८० वर्षेलाई भने– जति समय घर्किंदै गयो, उति कष्टदायी जीवन बिताउन बाध्य हुनुपर्दो रहेछ । छैनन् भनौं भने चारभाइ छोरा छन् । दुई बहिनी छोरी छन् । दुई पत्नी छन् । छन् भनौं भने उमेरले डाँडो काटेको बेलामा म बूढोलाई एक्लै छाडेर सबै आआफ्नो बाटो लागे । ८० वर्षेले भने– हो त नि ठूल्दाइ मलाई पनि अचम्मै लाग्यो । अनि त दुवै भाउजू हजुरसँगै हुनुहुन्छ होला नि ? कहाँ हुनु ! माहिलाले आफ्नी आमालाई पहिल्यैदेखि पाल्दै आएको थियो । अहिले पनि जेठी पत्नी माहिलासँगै बसेकी छन् । उनलाई पनि सहज त छैन । उनी मेरो अंश हरायो भन्दै गुनगुनाउँछिन् । हैन ठूल्दाइ जेठी भाउजूलाई अंश दिएको हैन र ? किन नहुनु दिएको हो नि । आमालाई फकाइफुलाइ हामी तराईमा भएको मौका छोपी कुश्मा अड्डामा लगेर बकस गरेछ छोराले । केही दिन अरू छोराबुहारी कराए । मलाई गनगन सुनाए । मैले पनि बकस दे भनेको होइन । जाऊ अड्डामा मुद्दा हाल । मसँग नकराऊ । उसले आमा पालेकै छ । सबै छोरा सक्षम थिए । मुद्दा लडेर कति नै पाइन्छ र भनेर चुप लागेर बसे । हो, अन्यायमा परेर सहेर बस्न त नहुने हो । झैंझगडा गर्नु पनि राम्रो त होइन । श्यामले सोधे– अनि कान्छी भाउजू नि दाइ, कता हुनुहुन्छ ? कान्छी पत्नी पनि निकै रोगी थिइन् । पानी सारेर पनि खान सक्ने अवस्थामा थिइनन् । कान्छी बुहारीले निकै माया दिई । ऊ कान्छातिर नै बस्ने भनेर गाउँबाट शहरतिर लागी । मलाई पनि कान्छा र कान्छीले शहर जाऊँ बा भनेका थिए । मेरो मनले मानेन । म एक्लै भएपनि गाउँमैं बस्ने निधो लिएँ । सानो उमेरदेखि नै मेरो रगतपसिना यही माटोमा भिज्यो । यहाँका जग्गामा बिरुवा सारें, बुबाआमाको एक्लो छोरो, म सानो छँदा बाबा बडारको बोटबाट लड्नुभयो । अपाङ्ग बुबालाई पालनपोषण गरें । पहिलो विवाह गरें । छोराछोरी नभएका पनि होइनन् । छोराछोरी वर्षैपिच्छे लगातार जन्मन थाले । बुबा अपाङ्ग, आमाले घरको काम गर्न नसकेपछि । घरमा काम गर्ने मानिसको अभाव खड्कियो । म दोधारमा परें । के गरूँ के गरूँ दोधारे मन भयो । गाउँमैं एकदमै परिश्रमी नानी थिइन् । कहिलेकाहीं कसैकसैले तेरो घर धान्न सक्ने त यो केटी छ विवाह गर्छस् ? सौतामाथि अनि तीन/तीन जना छोराछोरीमाथि कसले केटी दिन्छ र विवाह गर्ने ? म मनमनै प्रश्नवाची हुन्थें । एक दिन लहड चल्यो रामले यो केटी विवाह गर्छस् भनेको थियो । रामेलाई नै धनेले छोरी दिन्छ भने माग्न त भन्न मन लाग्यो । रामेले मेरो काम गर्न पाएकोमा निकै रमायो । भनूँ, साँच्चि हो ? उसले प्रश्न तेर्स्यायो । मैले पनि विश्वास दिलाउने गरेर साँचो हो भने । ऊ दौडेर धनेकोमा पुग्यो । कुरा राख्यो । धनेले पत्याउन सकेन । ऊ प्रश्नवाची भयो साँच्चै हो र ? मेरी छोरी त्यत्रो साहुको छोराले विवाह गर्छ त ? ऊ बाध्यतामा छ । पत्नी बर्सेनि सुत्केरी भएकी छ । घरमा काम गर्ने मानिस छैन । गरीबका छोरी धनीले विवाह गर्ने भनेको यस्तै बेलामा र यस्तै अवस्थामा त हो नि । सौता भएर के भयो ? कान्छी पत्नी हुन्छे । सम्पत्ति उसैका हातमा हुन्छ । धने धेरैबेर अल्झियो । सौता साथै झटकेला झटकेली भएको घरमा, धनसम्पत्ति धेरै छ भन्दैमा छोरीको विवाह गरिदिंदा भोलि छोरीले दुःख पाउन पनि सक्छे । दिनभरि काम गरेर एक माना कमाएर आनन्दसँग पतिपत्नी बसेर हाँसीहाँसी खानु नै स्वर्गको आनन्द पाउनु हो । मेरी छोरीमा के छैन ? रूप छ, सीप छ, अनुशासन छ, आमाको निगरानीमा बसेकी छे, कर्मशील छे । धने अलमलमा परेको देखेर रामेले के सोच्दैछस् तँ ? छोरीले दुःख पाउँछे भनेर हो ? धन्दा नमान दुःख पाउँदिन विश्वास लाग्दैन भने गैरी खेत नै जिउनी लेखाइदिन्छु । धनेले त्यसो केही हैन गोडधुवा, जन्ती खर्च केही जोडजाम गर्न सक्दिनँ । एक दिनको इज्जत राखिदिनै पर्‍यो । धनको अभावले गर्दा त छोरीको उमेर बढेर गएको हो । धनेका कुरा सुनेर रामेले 'धन्दा नमान सकेसम्म विवाह खर्च पनि मागिदिम्ला' भन्यो । छोरी बेच्ने काम त म गर्दिनँ । गरीब छु तर हरिप छैन धनेले भन्यो । घर सल्लाह त गर्नै पर्‍यो नि पत्नीले के भन्छिन् । हुन्छ ! हुन्छ ! कि मैले नै राखिदिउँ कुरा । पर्दैन म नै कुरा गर्छु । किन दबाब हाल्ने ? धनेले रामेलाई भन्यो । भोलि तपाईंले जवाफ पाउनुहुनेछ । धने निकै चिन्तित मुद्रामा खेतबाट घर आयो । उसको मनमा कौतुहलता उठ्छ बिलाउँछ । घरमा पत्नीले खाना बनाएर बसेकी हुन्छिन् । उसलाई खाना खान पनि मन छैन । पतिलाई चिन्ताजनक अवस्थामा देखेर पत्नीलाई पनि खुलदुली उठ्यो तर धैर्यता लिइन् र खाना खान जाउँ भनिन् । खाना खाने काम सकियो । धने बिस्तरातिर लाग्यो । पत्नीले खाएका भाँडा माझेर पतिको आडमा गएर बसिन् । बिस्तारै दुवैको भलाकुसारी चल्न थाल्यो । धनेले आज एउटा सन्देश आएको छ भनेर पत्नीलाई कुरा सुनायो । सुन्तलीले गम्भीर रूपमा के सन्देश होला भनेर कुरा कोटचाई । धनेले अकमकिँदै डाँडा घरे साहुले दोस्रो विवाह गर्ने अरे छोरी माग्न पठाएका छन् । सुन्तलीले झस्किँदै भनी छोराछोरी भइसकेका छन् किन विवाह गर्न पर्‍यो अरे । घरमा काम गर्ने मानिसको खाँचो भयो अरे विवाह नगरी भएन अरे । रामेले त्यही कुरा लिएर आएको थियो । मैले निधो दिएको छैन । तिम्रो विचार के छ सोधेर भोलि कुरा गरौंला भनेर पठाएँ । सुन्तली निकै भावुक भई । आफ्नो घरको स्थिति केलाइ, छोरीको विवाहको समय पनि गुज्रँदै थियो । घरीघरी सौतामाथि छोरी दिने भन्दै झस्किन्थिइन् भने घरीघरी दुई/तीन वटा विवाह नभएका घरै थिएनन् । गाउँका धनीहरूले दुई/तीन वटा विवाह गरेकै छन् । सम्पत्तिको रेलोखेलो छ । निकै सोचमा परी । भोलि छोरीले दुःख त पाउँदिन हो बूढा ? सुन्तलीको मुखबाट आवाज निस्कन्छ । धनेले पीर मान्न पर्दैन जिउनी लेखाइदिन्छु पनि भनेको छ । ठीक छ सर्वप्रथम साहुलाई बोलाम र दोस्रो विवाहको कारण सोधौं । त्यत्रो ठूलो मानिसले दिएको वचन निश्चय पनि खेर जाँदैन होला ? छोरी मात्रै खोजेको हो कि सम्पत्ति पनि ? मेरी छोरीलाई भोलि कसरी रेखदेख गर्छ । सबै कबोल गराएर मात्र निधो गरौंला सुन्तलीले भनी । मानिस विवशताको दास हो । लामो समयसम्म धने र सुन्तलीले छोरीको विवाहको बारेमा मनन् चिन्तन गरे । विवश परिस्थितिले निम्त्याएको असहजतालाई कसरी पार लगाउने भन्ने चिन्ताले सताउँदा सताउँदै दुवै निदाए ।

म धनेको घरमा पुगें । सुन्तली हुनेवाली सासूले आफ्ना जिज्ञासाहरू राखिन् । मैले पनि उनको धारणालाई बुझें । उनलाई विश्वास दिलाएँ र मैले दोस्रो विवाह गरें । यसरी दुईवटा विवाह गरे पनि, धेरै छोराछोरी जन्माए पनि हाम्रो उखान नै छ कि 'बाह्र छोरा तेह्र नाति बूढाको थैलो काँधै माथि' । अहिले यही अवस्थामा गुज्रेको छ मेरो जिन्दगी । मनप्रसाद एकोहोरो बोलिरहेकोमा उनी बोल्न छाडे र श्यामप्रसादतिर फर्केर मैले सारा जीवनकथा बताउन लागें– श्याम भाइ अब तिम्रा कुरा पनि सुनौं न त के छ घरको सन्चो बिसन्चो ? कसरी चलेको छ जिन्दगी ? भन्दै मनप्रसादले श्यामप्रसादतिर हेर्न थाले ।

के भनौं दाइ जीवनका हरेक कदम सङ्घर्षमा जुटेका छन् । धन हुनेका धन्दा हुन्छन् भने जस्तै म तपाईंजस्तो धनी पनि भइनँ र गरीब नै भनेर खानै नपुग्नेमा पनि रहिनँ । मेरो जिन्दगी तपाईंको भन्दा निकै फरक छ र मलाई सन्तोष पनि छ । दुई सन्तान ईश्वरको वरदान भने जस्तै धेरै छोराछोरी बनाउने भाग्य मैले पाइनँ । प्रकृतिले जे जति दिए, त्यतिमैं सन्तोष लिएँ । हुनत मलाई पनि दोस्रो विवाह गर भनेका थिए । समय त्यस्तै थियो । दुईवटी नहुनेलाई नामर्द रहेछ भन्ने चलन पनि थियो । मैले पत्नी थुपारेर मर्द बन्न चाहिनँ । कानूनले पनि दुईवटा विवाहमा बन्देज लगाएको पनि थियो । मैले कानूनको पालना गरें । दुई विवाह गर्ने गलती गरिनँ । मानिसले मजाकमा भन्ने गर्छन्– 'तीन गोरुको हल पक्का दुई जोईको घरपक्का ।' यतिमात्र कहाँ हो र 'जसका छोरा उसको धन, जसका भैंसी उसको वन' । यी सबै उखानलाई मनन् गर्दै समयको परिवर्तनलाई ख्याल गर्दै शनै शनै यी दुवै उखानले पनि बाटो लिइसकेका छन् भन्ने मनमा धारणा पलायो । हामी जन्मदाको समय र हाम्रो यो वृद्धपाको समयमा धेरै परिवर्तन आइसकेको छ । एकातिर युवाहरू विदेश पलायन भएका छन् । खेतबारी बाँझो बन्दैछ । धेरै छोराछोरी हुनेवालाको दुर्गति बढ्दो छ । व्यवस्थापन मिलाउनै गाह्रो । धेरै छोराछोरी भए भने बुढेसकालमा हेरविचार गर्छन् । त्यो पनि हुँदो रहेनछ । आज म हजुरको अघि खडा छु । खोइ त तपाईंको भावनालाई कदर गरेको । तपाईंकोमा त कोही न कोही आखिरमा काम लाग्ने जोई र पोइ भन्ने उखानले पनि काम गरेन । दुई/दुई वटी पत्नी मर्ने बेलामा साथमा एउटै छैनन् । सुन्छु आमा पाल्नेले पनि बुढचौली चाहियो भनेर गन गन सुनाइरहेका छन् अरे । बुढेसकाल निकै कठिन हुँदो रहेछ । मानिस भाग्य मानी तब हुँदो रहेछ । जब घरपरिवार मिलेको होस् । आटोपीठो बाँडीचुँडी खान पाइयोस् । सन्तान धेरै किन चाहिंदो रहेछ र हाम्रो धर्मशास्त्रले नै भनेको छ– १०० मूर्ख सन्तान हुनुभन्दा एक गुणवान् पुत्र नै असल हुन्छ । हुन पनि हो । मैले धेरैका छोरा देखेको छु गुणवान् छन्, कर्मशील छन्, मातापितालाई देवता सम्झन्छन् । बुहारी पनि सुशील छन् । बूढाबूढीको सेवा गर्छिन् । छोरीले दिने माया बुहारीले दिन्छिन् । घर नै मन्दिर बनाएका छन् ।


(बाँकी पाँचौं पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

हामीलाई जब नकारात्मक भावनाहरूले घेर्छन्, तब हामीले हाम्रा कुनै न कुनै सकारात्मक घटनाहरूलाई स्मरण गर्नुपर्छ। धेरै सकारात्मक कुरा आज पनि जीवनमा घटिरहेका छन् । जस्तो हाम्रो श्वास चलिरहेको छ। हाम्रो मुटु धड्किरहेको छ। हामी जीवित छौं। हाम्रो जीवनमा धेरै कुरा सुन्दर भइरहेका छन्। आज हामी महसूस गर्न सकिरहेका छैनौं। त्यो कुरा भिन्नै हो। हामी हाम्रा पहिले भएका सकारात्मक घटनाहरूलाई सम्झेर अवसादबाट बाहिर निस्कन सक्छौं।

अन्धकारपूर्ण रातमा प्रकाशको एउटा किरण देखिनु पनि सौभाग्यपूर्ण हुन्छ । किनकि हामी त्यही किरणलाई पछ्याउँदै प्रकाशको स्रोतसम्म पुग्न सक्छौं। सूर्यसम्म पुग्नको लागि प्रकाशको एउटा किरण नै काफी छ। जसले त्यो किरणको खोज गर्न सक्छ, उसले सूर्यलाई प्राप्त गर्न सक्छ । त्यो सूर्यको किरण कसैलाई पुऱ्याउनु पनि पर्नेछैन। यो किरण त प्रत्येकको साथमा छ । जसले यो किरणको खोज गर्छ, उसले सूर्यलाई पनि प्राप्त गर्न सक्छ। मानिसभित्र जुन जीवन छ, त्यो अमृतको किरण हो। हामीभित्र जुन बोध छ, त्यो बुद्धत्वको बुँद हो । हामीभित्र जुन आनन्द छ, त्यो सच्चिदानन्दको झलक हो।

अलिकति हामी आफैंभित्र डुब्यौं भने हामी पाउँछौं कि हामीभित्र जीवन्तता छ, संवेदनशीलता छ, चैतन्यता छ। मानौं कि यो थोरै खुशी हो, तर पनि यही मसिनो रेशमको धागो समातेर हामी सच्चिदानन्दको सागरसम्म पुग्न सक्छौं। त्यो सागर हामीभन्दा धेरै टाढा छैन, त्यो हामीभित्रै छ । यसैले निराशामा डुब्ने केही जरूरत छैन। हाम्रो जीवनमा आशाका किरण हरहमेशा मौजुद छन्।

हाम्रो मन हाम्रो श्वाससँग जोडिएको छ। हाम्रो मन अशान्त भएको बेला एक विशेष प्रकारको श्वास चल्छ। जब हाम्रो मन प्रसन्न हुन्छ, तब अलग प्रकारको श्वास चल्छ। जब हाम्रो मन उदास हुन्छ, तब अलग ढङ्गको श्वास चल्छ । जब हाम्रो मनलाई क्रोधले जकडछ, तब श्वासको चाल पनि बदलिन्छ।

हाम्रा अलगअलग मनोदशा र भावदशाहरू हाम्रो श्वाससँग जोडिएका हुन्छन्। रात्रि निद्रामा मधुरो तथा गहिरो श्वास चल्छ। यदि त्यस्तो श्वास चलेन भने हामी सुत्नै सक्दैनौं। हामी तरोताजा हुनै सक्दैनौं । यदि हामी दिनमा पनि निद्राको, शान्तिको तथा विश्रामको अनुभव गर्न चाहन्छौं भने मधुरो तथा गहिरो श्वासको प्रयोग गर्नुपर्छ । यो ध्यानको लागि अत्यन्त सहयोगी हुन्छ।

सम्मोहन तथा योग निद्राको प्रयोगमा मधूरो तथा गहिरो श्वासको उपयोग गरिन्छ र ध्यानको लागि र जागरणको लागि पनि मधूरो तथा गहिरो श्वासको उपयोग गरिन्छ। सुरुआत दुवैको लागि समान छ। तर अन्तमा भने अलिकति फरक छ । सम्मोहनमा चित्त शान्त र शिथिल भएपछि शरीर तरोताजा हुन्छ। त्यो बेलामा हामी भन्छौं– अब निद्रा लागेको जस्तो भएको छ, अब यस्तो भावना गर्नुस् कि तपाईं सम्मोहनमा, योग निद्रामा डुब्न सक्नुहोस् । जब हामी ध्यानको प्रयोग गरिरहेका हुन्छौं, तब चित्त र शरीर शान्त र शिथिल भएपछि हामी भन्छौं– अरू जाग्नुस्, 'सुपर कन्शसनेस'मा प्रवेश गर्नुस् ।

सुरुआतमा सम्मोहनको प्रयोग र ध्यानको प्रयोग एकापसमा मिल्दाजुल्दा छन् । मधुरो र गहिरो श्वास दुवैमा समान छ । यसबाट शरीर तरोताजा हुन्छ, मन शान्त हुन्छ, भावनाहरूको आउनेजाने क्रम समाप्त हुन्छ र यस अवस्थामा गहिरो डुबुल्की लाग्न सक्छ । अब अगाडि निर्भर गर्छ, हामी निद्रातर्फ बढ्छौं कि जागरणतर्फ अघि बढ्छौं ।

हामीले बुझ्नुपर्ने कुरा के छ भने हामीले स्वयंलाई बदल्नु छ । आत्मरूपान्तरण गर्नु छ । श्वासको परिवर्तनले पूरा जीवन नै परिवर्तन हुन सक्छ । श्वास नै जीवन हो । यसैले हामी श्वासलाई प्राण भन्ने गर्छौं ।

हामीले हाम्रा छोराछोरीलाई यही बताउनुपर्छ कि ईश्वर छ कि छैन मलाई केही थाहा छैन, यदि सक्छौ भने तिमीले ईश्वरको खोज गर्नु। हामीले प्रमाणिक हुन सिक्नुपर्छ । तर आजसम्म मनुष्य जातिमा यस्तो हुन सकेन । आस्तिक मानिसहरू आफ्ना बच्चाहरूलाई आफ्नो आस्तिकताको बारेमा सम्झाउँदै ईश्वरसम्बन्धी आफ्नो अन्धविश्वास आफ्नो नयाँ पीढीलाई दिन्छन् । नास्तिकहरू पनि यस्तै गर्छन्।

आस्तिकता तथा नास्तिकता दुवै अन्धविश्वास हुन्। दुवै अन्धा छन् तर दुवैको मान्यता भने अलगअलग छन्। एउटा भरोसा गर्छ कि सूर्य छ, अर्को सूर्य छ भनेर मान्दैन । यिनीहरूको जीवनमा केही फरक छैन । दुवैलाई छाम्दैछाम्दै हिंड्नुपरिराखेको छ, किनकि दुवै अन्धा छन् । दुवै खाल्डामा पर्छन्, पर्खालमा ठोकिन्छन्। मान्यता यी दुवैका अलगअलग छन्।

प्रश्न यो होइन कि हामी सूर्यलाई मान्छौं कि मान्दैनौं ? प्रश्न यहाँ मान्ने हैन, जान्ने हो । पुरानो पीढीले नयाँ पीढीलाइ अन्धविश्वास नदिए कति राम्रो हुन्थ्यो । बिल्कुल प्रमाणिक भएर इमानदारीका साथ भनिदिए कति राम्रो हुन्थ्यो। जे म जान्दछु, त्यो म तिमीलाई भन्छु। म जुन कुरा जान्दिनँ, त्यो कुरा म तिमीलाई भन्दिनँ। मैले खोजतलाश गरें । तिमीले पनि खोजतलाश गर्नु, तिमीले भेट्न पनि सक्छौ। यदि तिमीले भेटचौ भने मलाई पनि भन्नु कि कुन विधि अपनाएर तिमीले परमात्मालाई खोज्यौ ? फेरि म पनि त्यही विधिबाट परमात्मालाई खोज्ने कोशिश गर्नेछु । हामी अलिकति इमानदार बनौं। हामी न कसैलाई आस्तिक बनाउने कोशिश गरौं, न त कसैलाई नास्तिक बनाउने कोशिश गरौं।

सोभियत रूस तथा चीनमा साम्यवादी सरकार आएपछि सबैलाई जबरजस्ती नास्तिक बनाइयो। यो करीबकरीब यस्तै हो, जसरी पुरानो जमानामा साम्यवाद आउनुभन्दा पहिले संसारका सबै सरकार करीबकरीब आस्तिक सरकार थिए र साम्यवाद आएपछि उनीहरूले आफ्नो मर्जी अनुसार प्रजाहरूलाई पनि नास्तिक बनाए । जब चीनका राजा बौद्ध भिक्षुहरूबाट प्रभावित भए, तब उनले चीनको जनतालाई बौद्ध धर्म मान्न लगाए।

जुन देशमा मुसलमान राजा थिए, उनले त्यहाँको जनतालाई जीवित रहनु छ भने मुस्लिम धर्म अपनाउन आदेश जारी गरे । यसैगरी, सबै धर्म जोर जबरजस्तीको माध्यमले चल्दै गए। घरमा मातापिता जोर जबरजस्ती गर्थे भने देशमा राजाले जबरजस्ती गर्थे । उनीहरूलाई उनीहरूका मातापिताले त्यो धर्म मान्न लगाए। उनीहरूले उनीहरूका छोराछोरीहरूलाई मान्न लगाए । यही काम उनीहरूले पनि गर्नेछन् । हजारौं वर्षदेखि यही अन्धविश्वास चल्दै आइरहेको छ। अब आँखा खोल्नुपर्ने भएको छ।

आफ्ना छोराछोरीलाई ईश्वरको बारेमा झूटा कुरा बताउनुहुँदैन । उनीहरूलाई यतिमात्र बताउनुपर्छ कि ईश्वरको बारेमा मलाई केही थाहा छैन। तर मैले सुनेको छु कि धर्मशास्त्रहरूमा ईश्वर छ भनेर लेखिएको छ। तर यसको विपरीत पनि ग्रन्थहरू छन्। नास्तिकहरू भन्छन् कि ईश्वर छैनन्। ईश्वर एउटा शोधको विषय हो, खोजको विषय हो। मैले पनि ईश्वर खोज्ने कोशिश गरें । तर मैले ईश्वर छ कि छैन भन्ने स्पष्टरूपमा जान्न सकिनँ। यदि तिमीलाई यसको बारेमा उत्सुकता जाग्यो भने तिमीले ईश्वरको खोजी गर्नु । यदि तिमीले ईश्वर भेटचौ भने मलाई पनि बताउनु।

क्रमशः

# क्लोरोफार्म प्वायजनिङ



स्वास्थ्य चर्चा

डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

क्लोरोफार्मलाई ट्राइक्लोरोमिथेन वा मिथेन ट्राइक्लोरोफार्म पनि भनिन्छ । यसलाई सर्वप्रथम सन् १८३१ मा अमेरिकी केमिस्ट सैमुअल गुथरीले बनाए । तर यसको नामकरण सन् १८४७ मा वैज्ञानिक जिन वपटिस्टे ड्युमासले गरे। क्लोरोफार्म रबर उद्योग, डाई अर्थात् रङ उद्योग, पेस्टिसाइड र औषधि उद्योगमा प्रयोग हुन्छ। यो एउटा मीठो स्वाद भएको तरल पदार्थ हो, जुन वातावरणमा मिसिएपछि तुरुन्त भाप बनेर उड्छ। यस कारण यसको भापले सन् १९५० मा बच्चा जन्माउने बेला दुखाइ कम गर्न र शल्यक्रियाको लागि प्रथमपटक सर जेम्स यङ सिम्पसनले प्रयोग गरे । तर यो धेरै प्रसिद्ध हुन सकेन। जब रानी भिक्टोरियाको बच्चा जन्मने बेला यो प्रयोग भयो, तबदेखि यसको प्रयोग चर्चित भयो। १९औं शताब्दीमा यसको प्रयोग चरममा पुग्यो। तर त्यसभन्दा सुरक्षित केमिकलको आविष्कार भएपछि आजभोलि शल्यक्रियामा क्लोरोफार्मको प्रयोग हुँदैन। यसको आपराधिक प्रयोग खूब भयो। केटी अपहरण, डकैती, ट्रेनको सवारीलाई ठगैती गर्न मात्र होइन, मोर्स नामक एक व्यक्तिले आठवटा सिरियल किलिङ गरेको इतिहास छ । अतः क्लोरोफार्म प्वायजनिङ र शल्यक्रियामा यसको उपयोग र प्रभाव जान्नु अति आवश्यक छ।

शल्यक्रियामा यसको फाइदा यो छ कि जब बढी बेहोशी हुन लाग्यो भने मास्क फुकाएपछि केही बेरमैं मान्छे होशमा आउन थाल्छ । जबकि शल्यक्रियाको सम्पूर्ण जानकारी एनेस्थेटिस्टलाई मात्र थाहा हुन्छ। अतः कम जानकार मानिसले पनि यसको प्रयोग गर्न सक्छ । इथाइल अल्कोहल वा मिथाइलेटेड स्पिरिट वा एसिटोनमा ब्लिचिङ पाउडर मिसाएर क्लोरोफार्म बनाइन्छ र यसलाई प्रथमपटक बनाउनेले त बियरमा मिसाएर बनाएका थिए। यो एउटा भारी रङहीन द्रव हो र हावाको स्पर्श पाएर उड्छ । हल्का मीठो तर तीक्ष्ण स्वाद र रक्सीजस्तो गन्ध हुन्छ। यसलाई बाल्दा हरियो रङको प्रकाश देखिन्छ तर यो साधारण तापमा ज्वलनशील होइन । यो ६१ डिग्री सेल्सियसमा उम्लिन्छ। हावामा छाडेपछि यो फास्जिन ग्याँस, क्लोरिन र हाइड्रोक्लोराइडमा छुट्टिन्छ, जुन अति नै विषाक्त हुन्छ। त्यसबाट बचाउका लागि यसमा एक प्रतिशत अल्कोहल मिसाइन्छ र नीलो बोतलमा बेस्सरी बन्द गरेर राखिन्छ। क्लोरोफार्म २०० भाग बराबर पानीमा घुल्छ तर अल्कोहल, इथर, बेन्जिनमा सजिलै घुल्छ । यसले फैट, इन्डिया रबर, रेसिन, सल्फर, फस्फोरस, आयोडिन र विभिन्न अल्कली र अन्य धेरै अर्गेनिक कम्पाउन्डलाई पगाल्छ। जब क्लोरोफार्म भापद्वारा वा मुखबाट दिइन्छ, तब शरीरमा प्रवेश गरेर विषाक्तता पैदा गर्छ। जब सासद्वारा यो भित्र जान्छ, तब जुनजुन लक्षण पैदा हुन्छन्, त्यसका तीन चरण हुन्छन् :

स्टेज अफ एक्साइटमेन्ट वा उत्तेजनाको अवस्था, स्टेज अफ डिप्रेसन अथवा एनेस्थेसियाको अवस्था र स्टेज अफ पारालिसिस वा पक्षाघातको अवस्था। उत्तेजनाको अवस्थामा क्लोरोफार्म जसै सासद्वारा भित्र जान्छ, मान्छेले घाँटीमा उत्तेजना र आँखा पोलेको महसूस गर्छ। अनुहार फुङ हुनुको साथै सम्पूर्ण शरीर तातो भएको महसूस हुन्छ र छालामा केही हिंडिरहेजस्तो लाग्छ। सुन्ने र देख्नेबाहेक सबै संवेदना कम हुँदै जान्छ तथा दिमाग भ्रमित हुन्छ। यस अवस्थामा मान्छे डेलिरियममा पुगेर गाना गाउने, हाँस्ने, कराउने र कहिलेकाहीं अमर्यादित भाषा वा गाली पनि गर्न थाल्छ। मान्छे यति जोडले सङ्घर्ष गर्न थाल्छ कि समात्न हम्मेहम्मे पर्छ। आँखाको नानी त पहिले फैलिन्छ तर पछि सङ्कुचित हुन्छ। बान्ता भएजस्तो हुन्छ, नाडी र श्वासप्रश्वास बढ्छ। यो अवस्था मुश्किलले चार मिनट जति रहन्छ।

दोस्रो अर्थात् एनेस्थिेसियाको अवस्थामा मान्छे पूर्णतः बेहोश हुन्छ र सबै संवेदना शून्य हुन्छ। कोर्नियाको साथै सबै रिफ्लेक्स समाप्त हुन्छ । आँखाको नानी सङ्कुचित हुन्छ। शरीरको तापक्रम र छाला चीसो र नम हुन्छ। सबै मांसपेशी यस किसिमले शिथिल हुन्छ कि हातखुट्टा जता घुमायो त्यतै घुम्छ। बेहोशीको यसै अवस्थामा शल्यक्रिया गरिन्छ, जसलाई घण्टौं निरन्तरता दिन सकिन्छ । यदि क्लोरोफार्म दिन बन्द गरियो भने यो अवस्था ३० देखि ४० मिनटसम्म रहन्छ। तर कसैकसैमा बढी समयसम्म रहन्छ। कहिलेकाहीं क्लोरोफार्म बन्द गरियो भने मृत्यु घटित हुन्छ।

तेस्रो अर्थात् पक्षाघातको अवस्थामा पनि क्लोरोफार्म दिन बन्द गरिएन भने मान्छे यस अवस्थामा प्रवेश गर्छ। यसमा मांसपेशीको जुन टोन अर्थात् तनाव हुन्छ, त्यो पूरै समाप्त हुन्छ। दिसा र पिसाब आफसेआफ हुन्छ । ओठ नीलो हुन्छ, छाला पनि नीलो भएर चीसो पसिना आउन थाल्छ । आँखाको नानी धेरै फैलन्छ, श्वासप्रश्वास धेरै कम र अनियमित भएपछि एसिडोसिसको अवस्था विकसित हुन्छ। रक्तचाप अत्यन्त कम र नाडीको गति कमजोर तथा अनियमित भएपछि कार्डियक एरेस्ट वा रेसपिरेटरी एरेस्ट वा पारालिसिस भएर मृत्यु हुन्छ। मृत्यु त्यो कुनै अवस्थामा हुन सक्छ, जब भेन्ट्रिकुलर फिब्रिलेशन, बान्ता वा ब्लड रेसपिरेटरी ट्रेक्टमा एस्पिरेट गरेर घाँटी अवरुद्ध हुन्छ वा जिब्रो पछाडि पल्टेर इपिग्लोटिसलाई बन्द गरिदिन्छ वा एसिडोसिस बढी हुन्छ। एउटा हुन्छ, डिलेड क्लोरोफार्म प्वायजनिङ जुन एनेस्थेसियाबाट मुक्त भएको १० घण्टादेखि २० दिनमा देखिन्छ, जसमा एनेस्थेसियाको दौरान बढी क्लोरोफार्म दिइएको हुन्छ। यस्तो रिकेट, कलेजोको बिरामी, साह्रै कमजोर र दुब्लो मानिस र बच्चामा सामान्यतः देखिन्छ । सम्भावित र अवश्यम्भावी मृत्युको केही लक्षणहरू अगाडि नै देखिन्छन् : अत्यधिक बेचैनी, निरन्तर बढी बान्ता जुन कफी ग्राउन्ड रङको हुन्छ, जन्डिस, पेटमा कलेजोको क्षेत्रमा जाँच्दा अत्यधिक दुखाइ, छिटोछिटो चल्ने अति कमजोर नाडीको गति, पिसाब कम वा नहुने तथा युरेमिया र किटोसिस भएर कोमामा गएर मृत्यु हुन्छ । कहिलेकाहीं छालामा पनि रगत जम्मा हुन्छ र पिसाबमा एसिटोन वा डाइएसिटक एसिड पाइन्छ । मुटु पनि प्रभावित भएको हुन्छ।

यो भन्न कठिन छ कि क्लोरोफार्मको कति डोज मृत्युकारक हुन्छ ? किनभने सर्जिकल विधिमा मान्छेले धेरै मात्रा इन्हेल गरेको हुन्छ। तापनि यदि यो दुई प्रतिशतभन्दा बढी नभएको र रगतमा मात्रा सातदेखि २५ प्रतिशतसम्म एनेस्थिेसियाको लिमिट हो। तर पनि पाँच प्रतिशतभन्दा बढी क्लोरोफार्म खतरनाक मानिन्छ । एनेस्थेसिया शुरू भएको केही मिनट वा कुनै पनि बेला मृत्यु हुन सक्छ। डिलेड मृत्यु रिकोभरी भएको १० घण्टादेखि २० दिनमा पनि हुन सक्छ। तर औसत अवधि चारदेखि पाँच दिन हो।

क्लोरोफर्म प्वायजनिङको उपचारमा सर्वप्रथम एनेस्थेसिया दिन बन्द गरिन्छ र रोगीको टाउको तल पारी सामुन्ने देख्नेगरी ल्याइन्छ र जिब्रोलाई फोरसेप नामको उपकरणले बाहिर निकालिदिनुपर्छ अन्यथा जिब्रो पछाडितिर पल्टेर ग्लोटिसलाई बन्द गरी मृत्युको कारण बन्छ। तुरुन्त अक्सिजन र कृत्रिम श्वासप्रश्वास शुरू गर्नुपर्छ। १:१०० सम्पृक्त इपिनेफ्रिनको एक एमएल सीधैं मुटुमा दिइन्छ, साथै मुटुको मसाज पनि जरुरी हुन्छ। डिलेड प्वायजनिङमा नर्मल स्लाइन नसाबाट दिनुपर्छ। एसिडोसिस रोक्नको लागि ग्लुकोज मुख वा गुदाबाट दिइन्छ। यसको सट्टा १:६ मोलर लेक्टेट पनि दिइन्छ। कलेजोको नोक्सान रोक्न उच्च कार्बोहाइड्रेट र कम बोसो भएको खानाको साथै प्रचुर मात्रामा भिटामिन बी कम्प्लेक्स आवश्यक हुन्छ। यो त भयो ग्याँस रूपमा लिएको क्लोरोफार्म प्वायजनिङको विवरण । अब यसको द्रव रूप निल्दा के हुन्छ, त्यो पनि हेरौं।

द्रवरूपमा क्लोरोफार्म निलेपछि इरिटेशनको लक्षण देखा पर्छ, जसलाई कोमाले छोपिदिन्छ। रोगीको मुख, घाँटी र पेटमा सर्वप्रथम जलनयुक्त दुखाइ हुन्छ। लगत्तै बान्ता र पखाला चल्छ। बान्तामा क्लोरोफार्मको गन्ध हुन्छ र रगत पनि मिसिएको हुन सक्छ । यो लक्षण १० मिनटसम्म रहन्छ, त्यसपछि मान्छे चेतनाशून्य हुन्छ। आँखाको नानी फैलिन्छ र साइनोसिस हुन्छ । छाला चीसो हुन्छ र पसिनाले भिज्छ । नाडी मधुरो र अनियमित हुन्छ । सास हलुका र बल लगाएर लिएजस्तो हुन्छ, जसलाई स्टेरिटोरियस रेसपिरेशन भनिन्छ । त्यसपछि मुटु वा फोक्सोको पक्षाघात भएर मृत्यु हुन्छ।

जो बाँच्छ, उसलाई कमलपित्त भएर कलेजोको वृद्धि हुन्छ। ३० देखि ९० एमएल क्लोरोफार्मको द्रव मृत्युकारक हुन्छ तर त्यसभन्दा बढीमा पनि रिकोभरी देखिएको छ । मृत्यु प्रायः पाँचदेखि छ घण्टामा हुन्छ तर मृत्यु केही मिनेटमा पनि हुन सक्छ वा केही दिनपछि पनि हुन सक्छ। उपचारमा आमाशयलाई मनतातो पानी वा दूधले सफा गरेर नरम पेय दिनुपर्छ र छालामुनि एड्रिनलिन, डिजिटलिस, कैफिन र एट्रोपिन आदि दिनुपर्छ । मस्टर्ड प्लास्टरले शरीरलाई तातो राखिन्छ । आक्सिजन र कृत्रिम श्वासप्रश्वास जरुरी हुन्छ । क्लोरोफार्म एनेस्थेसियाले यदि मृत्यु हुन्छ भने तुरुन्त प्रहरीलाई खबर गर्नुपर्छ अन्यथा चिकित्सकको लापरवाहीले मृत्यु भएको ठहर्छ । क्लोरोफार्मको विषाक्तता दुर्घटनास्परूप नै बढी हुन्छ । यसबाट आत्महत्या वा हत्या धेरै कम देखिएको छ। यसले बेहोश पारेर डकैतीको घटना पनि किन सफल हुँदैन भने बेहोश हुनु पहिले मानिसले धेरै सङ्घर्ष गर्छ। सुतेको बेला यसबाट बच्चालाई त बेहोश पार्न सकिन्छ र बच्चाको शल्यक्रियामा पनि यही देखिन्छ। तर वयस्क सुतेको सुत्यै हुन सक्दैन । त्यसले अवश्य निद्राबाट ब्यूँझेर सङ्घर्ष गर्छ। यदि मान्छे कमजोर छ वा आक्रमणकारीको सङ्ख्या धेरै छ भने अवश्य बेहोश हुन सक्छ । क्लोरोफार्मलाई फोक्सोले एक घण्टाभित्र बाहिर निकालिदिन्छ। धेरै कम मात्रा नै पिसाब र पसिनाबाट निस्कन्छ। अस्तु !





# साउनमा हरियो रङको महत्त्व

नेपालमा साउन महीनालाई धार्मिक र सांस्कृतिक दृष्टिकोणले धेरै महत्त्वपूर्ण मानिन्छ । यस महीनामा भगवान् शिव र माता पार्वतीको पूजा गर्नाले विवाहित महिलाले अखण्ड सौभाग्य प्राप्त गर्छन्। साथै उनीहरूको दाम्पत्य जीवनमा सुख, शान्ति र समृद्धि आउने विश्वास गरिन्छ।

साउन महीनामा हरियो रङको कपडा र चुरा लगाउने विशेष महत्त्व हुन्छ । हरियो रङले हाम्रो जीवनमा सकारात्मक ऊर्जा, मानसिक शान्ति, बुद्धि र स्थिरता ल्याउँछ । यस महीनामा हरियो रङ धारण गर्नाले भगवान् शिवको आशीर्वाद प्राप्त गर्नुका साथै आफ्नो आस्थालाई मजबूत बनाउन सकिन्छ। हरियो रङको धार्मिक र ज्योतिषीय दृष्टिकोणसँग गहिरो सम्बन्ध छ ।

**धार्मिक कारणहरू**

साउन महीना भगवान् शिवलाई समर्पित छ । धार्मिक मान्यता अनुसार हरियो रङ भगवान् शिवको मन पर्ने रङ हो । हरियो रङ प्रकृतिको प्रतीक हो भने प्रकृति पार्वतीको रूप हो। भगवान् शिवलाई प्रकृतिको सबैभन्दा नजीक मानिन्छ, त्यसैले उनलाई 'भोलेनाथ' भनिन्छ । यस महीनामा हरियो रङ धारण गर्नाले भगवान् शिव र माता पार्वतीको कृपा प्राप्त हुन्छ र उनको पूजामा मनको एकाग्रता कायम रहन्छ। साउन महीनामा हरियाली तीज पनि मनाइन्छ। यस दिन महिलाहरूले हरियो लुगा लगाएर मेहदी लगाउँछन्। यो पर्व नारीहरूको सुख, समृद्धि र दीर्घायुको कामना गरी मनाइन्छ। हरियो रङलाई नयाँ सुरुआत, सुख र समृद्धिको प्रतीक मानिन्छ।



साउन महीना वर्षा ऋतुको महीना हो, जसमा चारैतिर हरियाली छाएको हुन्छ । हरियो कपडा लगाएर हामी प्रकृतिको सम्मान गर्छौं र त्यसप्रति कृतज्ञता व्यक्त गर्छौं। यो महीनामा हरियो रङ धारण गर्नाले हाम्रो वरिपरि सकारात्मक ऊर्जा फैलिन्छ भन्ने विश्वास पनि गरिन्छ।

**ज्योतिषीय कारण**

ज्योतिषशास्त्रमा हरियो रङलाई बुध ग्रहसँग सम्बन्धित मानिन्छ । बुध बुद्धि, व्यापार, सञ्चार र जीवनमा सामञ्जस्यको कारक हो । साउन महीनामा हरियो रङ धारण गर्नाले बुध ग्रहको सकारात्मक ऊर्जा प्राप्त हुन्छ, जसले हाम्रो बुद्धिमता र मानसिक स्थिरता बढाउँछ । साउन महीनाको चन्द्रमासँग गहिरो सम्बन्ध छ । चन्द्रमा मन र भावनाको कारक हो । हरियो रङले चन्द्रमाको ऊर्जालाई सन्तुलनमा राख्छ र हाम्रो दिमागलाई शान्त र स्थिर राख्छ। यो रङले हाम्रो भावनात्मक स्वास्थ्यलाई पनि सुधार गर्छ ।

ज्योतिषशास्त्रमा हरियो रङलाई वायु तत्त्वसँग सम्बन्धित मानिन्छ । वायु तत्त्वको सन्तुलनले जीवनमा स्थिरता र शान्ति सुनिश्चित गर्छ । हरियो रङले वायु तत्त्वलाई सन्तुलनमा राख्छ, जसले हाम्रो जीवनमा स्थिरता र शान्ति कायम राख्छ।

## अन्तर्राष्ट्रिय समाचार

# चीनमा आँधीले तीन लाख मानिस विस्थापित

बेइजिङ, ११ साउन/एएफपी

चीनमा आएको गेमी आँधीका कारण



चीनमा गेमी आँधीका कारण समुद्री छालले सडक छेक्दै । तस्वीरः एजेन्सी

करीब तीन लाख मानिस विस्थापित भएका छन् । विस्थापितलाई शुक्रवार चिनियाँ अधिकारीले सुरक्षित स्थानमा स्थानान्तरण गरेका छन् । हावाहुरीसँगै परेको वर्षाले पूर्वी चीनमा बिहीवार सार्वजनिक यातायात स्थगित भएका थिए भने ताइवानमा पाँचजनाको मृत्यु भएको छ ।

आठ वर्षमा ताइवानमा आएको सबैभन्दा शक्तिशाली आँधीका कारण बिहीवार ताइवानका केही शहरी भागहरूमा बाढी र डुबानको समस्या आएको छ ।

फिलिपिन्सको ताइवानतर्फ जाने बाटोमा आँधी र वर्षाका कारण ठाउँठाउँमा पहिरो गएको छ भने यसका कारण २० जनाको मृत्यु भएको छ ।

फिलिपिन्सको मनिलामा बिहीवार १४ लाख लिटर तेल बोकेको टयाङ्कर समुद्रमा डुबेपछि इन्धनको प्रदूषण फैलिनबाट रोक्ने पहलहरू गरिएका छन् ।

उक्त टयाङ्कर बिहीवार बिहान चीनको पूर्वी फुजियान प्रान्तमा जाने क्रममा दुर्घटना भएको सरकारी सञ्चारमाध्यमले जनाएको छ ।

चिनियाँ अधिकारीहरूले भारी वर्षा र गेमी नाम दिइएको चक्रवातले विपत्ति निम्त्याउन सक्ने चेतावनी बिहीवार नै दिएका थिए ।

उनीहरूले फुजियानमा दुई लाख ९० हजारभन्दा बढी मानिसलाई स्थानान्तरण गरेको जनाउँदै केही शहरमा सार्वजनिक यातायात, कार्यालय, विद्यालयलगायत बजार बन्द भएको जनाएका छन् ।

छिमेकी झेझियाङ प्रान्तमा चिनियाँ राष्ट्रिय टेलिभिजन सिसिटिभी र अन्य चिनियाँ सञ्चारमाध्यममा शुक्रवार प्रसारण भएका फुटेजमा बाढीका कारण सडकहरू डुबानमा पर्दा सवारीसाधन र स्थानीयहरूको यात्रा कठिन बनेको देखिन्थ्यो ।

करीब ९० लाख जनसङ्ख्या रहेको वानझाउ शहरमा बाढी र डुबानजन्य जोखिमको चेतावनी जारी गरिएको छ भने सात हजार मानिसलाई स्थानान्तरण गरेको सिसिटिभीले जनाएको छ ।

गेमीले मध्य जियाङ्सी र हेनानमा समेत भारी वर्षा निम्त्याउने सरकारी सञ्चारमाध्यमले जनाएको छ ।

चीनको धेरै जनसङ्ख्या भएको प्रान्तमध्ये एक गुआङ्डोङले शुक्रवार आँधीको चेतावनीपछि केही यात्रीवाहक रेलसेवाहरू स्थगित गरेको सिसिटिभीले जनाएको छ ।

आधिकारिक चिनियाँ मौसम नेटवर्कलाई उद्धृत गर्दै सिसिटिभीले चक्रवात करीब २० किलोमिटर प्रतिघण्टाको गतिमा उत्तरपश्चिमतर्फ अघि बढिरहेको जनाएको छ । शुक्रवार दिउँसो जियाङ्सी पुग्दा आँधी 'बिस्तारै कमजोर' हुने जनाइएको छ ।

समाचार तयार पार्दासम्म चीनमा आँधीका कारण कसैको मृत्यु तथा घाइते भएको खबर भने आएको छैन ।

खराब मौसम, बाढी र डुबानको जोखिमको मौसम पूर्वानुमान निकायहरूको चेतावनीपछि बिहीवार राष्ट्रपति सी जिनपिङको अध्यक्षताको शीर्ष नेतृत्वको बैठकमा अधिकारीहरूले स्थानीय अधिकारीहरूलाई सतर्क र सक्रिय रहन आग्रह गरेका थिए । रासस

# हमासका नेताको इजरायली हिरासतमा मृत्यु

जेरुसेलम, ११ साउन/एएफपी

वेस्ट बैंकमा रहेका हमासका एक नेताको इजरायली हिरासतमा मृत्यु भएको प्यालेस्टिनी अधिकारीले शुक्रवार बताएका छन् ।

प्यालेस्टिनी कैदी मामिला निकाय र प्यालेस्टिनी प्रिजनर्स क्लबको संयुक्त विज्ञप्तिका अनुसार दक्षिणी इजरायलको जेलबाट अस्पतालमा सारिएपछि ६३ वर्षीय मुस्तफा मोहम्मद अबू आराको मृत्यु भएको हो ।

"हामी नेता शेख मुस्तफा मोहम्मद अबु आराको निधनमा शोक व्यक्त गर्छौं र चिकित्सकीय लापरवाहीबाट भएको उहाँको हत्याको लागि कब्जालाई जिम्मेवार ठान्छौं," हमासद्वारा जारी विज्ञप्तिमा बताइएको छ ।

अबु आरालाई अक्टोबरमा गम्भीर स्वास्थ्य समस्या सामना गरिरहेको बेला पक्राउ गरिएको प्यालेस्टिनी निकायले जनाएका छन् । उनले नजरबन्दको समयमा क्रूर यातना सामना गर्नुपरेको उनीहरूले बताएका छन् ।

इजरायली सेनाले यस विषयमा प्यालेस्टिनी टिप्पणीको कुनै जवाफ दिएको छैन । रासस

# श्रीलङ्कामा राष्ट्रपतिको निर्वाचन सेप्टेम्बर २१ मा हुने

कोलम्बो, ११ साउन/एएफपी

श्रीलङ्कामा अनपेक्षितरूपमा आएको आर्थिक सङ्कटका कारण भएको देशव्यापी आन्दोलनले निर्वाचित राष्ट्रपतिलाई विस्थापित गरेपछि सेप्टेम्बरमा पहिलोपटक उक्त पदका लागि मतदान हुने निर्वाचन आयोगले शुक्रवार जनाएको छ ।

सन् २०२२ को आर्थिक मन्दीका कारण महीनौंसम्म खाद्यान्न, इन्धन र औषधिको अभाव भएपछि हुन लागेको यो निर्वाचन जनताको मनोदशाको पहिलो परीक्षण हुनेछ ।

सडक प्रदर्शनका कारण आफ्ना पूर्ववर्तीलाई देश छोड्न बाध्य बनाएपछि पदभार ग्रहण गरेका ७५ वर्षीय राष्ट्रपति रनिल विक्रमासिङ्घेले आफू चुनाव लड्ने योजनामा रहेको सङ्केत गरेका छन् ।

उनले अन्तर्राष्ट्रिय मुद्रा कोषको बेलआउट प्याकेज पूरा गर्न उनको नेतृत्वको सरकारले लागू गरेका मितव्ययिताका उपायहरूको विरोधमा अभियान चलाउने कम्तीमा दुई प्रतिद्वन्द्वीको सामना गर्नेछन् ।

कमजोर आर्थिक पुनरुत्थान र जीवनयापनको लागतका विषयमा स्थानीय असन्तोषसँग जुधिरहेको देशमा आयोगले घोषणा गरेको निर्वाचनको पाँच हप्ते अभियान सेप्टेम्बर २१ मा टुङ्गिनेछ ।

सन् २०२२ मा मुलुक अहिलेसम्मकै सबैभन्दा खराब आर्थिक मन्दीबाट बाहिर निस्कँदा आर्थिक मुद्दाहरू यस अभियानमा हाबी हुने अपेक्षा गरिएको छ, जब कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ७.८ प्रतिशतले खुम्चिएको छ ।

सङ्कटको चरमोत्कर्षमा रहेको मुद्रास्फीति ७० प्रतिशतको शिखरबाट सामान्य स्तरमा फर्किएको छ ।

विक्रमासिङ्घेले सन् २०२२ को सरकारी डिफल्टपछि चीनलगायत द्विपक्षीय ऋणदाताहरूसँग श्रीलङ्काको ४६ अर्ब अमेरिकी डलरको विदेशी ऋणको पुनर्संरचनाका लागि पनि सफलतापूर्वक वार्ता गरेका छन् ।

तर कर वृद्धि गरेर र उदार उपयोगिता अनुदान फिर्ता लिएर सरकारका पुस्तकहरूलाई सन्तुलित गर्ने उनका नीतिहरू जनताको लागि गहिरो अलोकप्रिय छन् ।

आर्थिक सङ्कटको चरमोत्कर्षमा देखिएको महीनौं लामो खाद्यान्न, इन्धन र औषधिको अभाव अहिले टाढाको कुरा भएपनि धेरै श्रीलङ्कालीले विक्रमासिङ्घेको मितव्ययिताका उपायहरूले उनीहरूलाई आफ्नो गुजारा चलाउन सङ्घर्ष गर्नुपरेको बताएका छन् ।

विपक्षी दलले विक्रमासिङ्घेले गत वर्ष गरेको दुई अर्ब ९० करोड अमेरिकी डलर बराबरको अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को बेलआउटका शर्तमा पुनः वार्ता गर्ने प्रतिबद्धता जनाएका छन् ।

राष्ट्रपतिका मुख्य प्रतिद्वन्द्वी ५७ वर्षीय सजिथ प्रेमदासा हुन् । उनी एक समयका पार्टीका सहयोगी र वर्तमान विपक्षी नेता हुन् ।

प्रेमदासाले आर्थिक सुधार र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् तर विक्रमासिङ्घेले राज्यको राजस्व बढाउन लगाएको कर वृद्धिलाई कम गरेर जनतालाई राहत दिने प्रतिबद्धता जनाएका छन् ।

एउटा वामपन्थी पार्टीले आफ्ना नेता ५५ वर्षीय पूर्व कृषिमन्त्री अनुरा कुमारा दिसानायकेलाई पनि चुनावी मैदानमा उतारेको छ । उनले सरकारी कम्पनीहरूको निजीकरण गर्ने योजनाको विरुद्धमा अभियान चलाइरहेका छन् ।

विक्रमासिङ्घेले सन् २०२२ मा पूर्ववर्ती गोटाबाया राजापाक्षाले जनआन्दोलनको दबाबमा राजीनामा दिएपछि सङ्कटको समयमा देशको जिम्मेवारी सम्हालेका थिए ।

श्रीलङ्कालाई आर्थिक कुव्यवस्थापनमार्फत सङ्कटमा धकेलेको आरोप लागेका राजापाक्ष भागेर केही समयसम्म विदेशी भूमिमा बसेपछि सिङ्गापुरबाट राजीनामा दिएका थिए । रासस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | व्यर्थभ्रमण | वृष | धनलाभ |
| मिथुन | कर्मप्राप्ति | कर्कट | अस्वस्थता |
| सिंह | रोगभय | कन्या | व्यापारवृद्धि |
| तुला | शत्रुभय | वृश्चिक | चोरभय |
| धनु | भयचिन्ता | मकर | राज्यलाभ |
| कुम्भ | कान्तिक्षय | मीन | सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# मौद्रिक नीतिः यस्ता नयाँ प्रावधान

हेमन्त जोशी

काठमाडौं, ११ साउन/रासस

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमार्फत केही नयाँ व्यवस्था ल्याएको छ भने केही पुराना व्यवस्थालाई खुकुलो बनाएको छ । समग्र मौद्रिक तथा वित्तीय क्षेत्र व्यवस्थापनका लागि राष्ट्र बैंकले सन्तुलित ढङ्गले सजगताका साथ लचिलो मौद्रिक नीति ल्याएको गभर्नर महाप्रसाद अधिकारीको भनाइ छ । अर्थतन्त्रलाई चलायमान बनाउन कर्जा विस्तारलाई प्राथमिकतामा राखिएको पनि स्वयम् गभर्नर अधिकारीले बताइसकेका छन् । चालू आर्थिक वर्षको मौद्रिक नीतिमा भएका केही मुख्य व्यवस्था यस प्रकारका छन् ।

**बैंकदर र नीतिगतदर घटाइयो**

ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदरलाई सात प्रतिशतबाट साढे छ प्रतिशत र नीतिगत दर साढे पाँच प्रतिशतबाट पाँच प्रतिशत कायम गरिएको छ ।

**निर्माण व्यवसायीलाई राहत**

मौद्रिक नीतिले निर्माण व्यवसायीलाई प्रवाह भएको कर्जाको साँवा–ब्याज तिर्ने अवधि २०८१ मङ्सिर मसान्तसम्म थप गर्ने, उनीहरूलाई चेक अनादर भएका आधारमा मात्र कालोसूचीमा समावेश नगर्नेलगायतका विभिन्न सहुलियत दिइएको छ ।

**पूँजीकोषमा सहजता**

मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाको पूँजीकोष व्यवस्थापनमा सहजता, असल कर्जामा गर्नुपर्ने विद्यमान एक दशमलव २० प्रतिशत कर्जा नोक्सानी व्यवस्थालाई घटाएर एक दशमलव १० प्रतिशत कायम गरिएको छ । त्यस्तै, रेगुलेटरी रिटेल पोर्टफोलिया (आरआरपी)को सीमालाई रु दुई करोडबाट बढाएर रु दुई करोड ५० लाख कायम गर्नेलगायत व्यवस्था ल्याइएको छ ।

**चालू पूँजी कर्जा मार्गदर्शन संशोधन**

'भेरियन्स एनालिसिस' गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थालाई २०८२ साउन १ गतेदेखि लागू हुनेगरी समयावधि थप गर्ने तथा लघु, घरेलु, साना एवं मझौला उद्यमका लागि तोकिएको रु एक करोडको सीमालाई पुनरावलोकन गर्नेगरी चालू पूँजी कर्जा मार्गदर्शनमा संशोधन गरिने मौद्रिक नीतिमा उल्लेख छ ।

**संस्थागत शेयर धितो कर्जाको सीमा हट्यो**

संस्थागत लगानीकर्ताका लागि बैंक तथा वित्तीय संस्थाहरूले मार्जिन प्रकृतिको शेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम रु २० करोडको सीमा खारेज गरिएको छ । व्यक्तिगततर्फको १५ करोडको सीमा भने यथावत् राखिएको छ ।

**कर्जा वर्गीकरण**

निष्क्रिय वर्गको कर्जा नियमित भइसकेको अवस्थामा छ महीनापछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्थालाई परिमार्जन गरी छ महीनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी उक्त अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था ल्याइएको छ ।

**विनाधितो ऋण**

चालू आर्थिक वर्षको बजेटमा परेको वैदेशिक रोजगारमा जानेका लागि विनाधितो ऋण दिने व्यवस्थालाई मौद्रिक नीतिले पनि समेटेको छ । त्यस्तै, कृषि र नवप्रवर्तन क्षेत्रमा जाने कर्जा सहज बनाउने नीति पनि राष्ट्र बैंकले लिएको छ ।

**कानून निर्माण**

सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा बनाएर सरकारलाई बुझाउने र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स–एआई) मार्गदर्शन तयार पार्नेलगायत विषयहरू मौद्रिक नीतिमा परेका छन् ।

**सहकारी र लघुवित्त क्षेत्र व्यवस्थापन**

बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघरको परिवारको सदस्यका नाममा रहेको सम्पत्तिको धितोको सुरक्षणमा रु पाँच लाखसम्मका बचतकर्ता सदस्यको रकम फिर्ता गर्ने व्यवस्था कार्यान्वयनमा राष्ट्र बैंकले सहयोग गर्ने मौद्रिक नीतिमा उल्लेख छ । बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरीवेक्षणका लागि छुट्टै संयन्त्रको निर्माणका लागि आवश्यक कानून बनाउन नेपाल सरकारसँग समन्वय गरिने पनि राष्ट्र बैंकले जनाएको छ । त्यस्तै, लघुवित्त संस्थाहरू गाभ्ने, कर्जाको पुनर्तालिकीकरण गर्ने तथा सेवा शुल्क परिमार्जन गर्ने, सेवाग्राहीको गुनासो व्यवस्थापनमा बढी ध्यान दिनेलगायत व्यवस्था राखिएका छन् ।

**आयात खुकुलो**

ड्राफ्ट तथा टिटीका माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिएको छ । त्यस्तै, डकुमेन्ट अगेन्स्ट पेमेन्ट र डकुमेन्ट अगेन्स्ट एसेप्टेन्सका माध्यमबाट आयात गर्न सकिने विद्यमान सीमा अमेरिकी डलर ६० हजारबाट वृद्धि गरी अमेरिकी डलर एक लाख कायम गरिएको छ । यी व्यवस्थाले वस्तु आयात केही बढ्ने अनुमान गर्न सकिन्छ ।

**डलर खाताबाट हुने भुक्तानी सीमा बढाइने**

नेपालमा खोलिएका परिवर्त्य विदेशी मुद्राको खाताबाट खर्च गर्न सकिने सीमालाई वृद्धि गरिने मौद्रिक नीतिमा उल्लेख छ । त्यस्तै, राहदानीबापत उपलब्ध हुने विदेशी मुद्रा सटही सुविधासम्बन्धी विद्यमान व्यवस्थामा सहजीकरण गर्ने नीति पनि राष्ट्र बैंकले लिएको छ । विप्रेषण आप्रवाह, भ्रमण, व्यापारलगायतका क्रियाकलापलाई थप सहज हुनेगरी सटही गर्न सकिने विदेशी मुद्राहरूको विद्यमान सूची पुनरावलोकन गरिने जनाइएको छ ।

**भुक्तानी प्रणाली सुधार**

राष्ट्रिय भुक्तानी स्वीच पूर्णरूपमा सञ्चालनमा ल्याउन आवश्यक पर्ने पूर्वाधार र संस्थागत संरचनालाई पार्ने मौद्रिक नीतिमा उल्लेख छ । त्यस्तै, भुक्तानी, समाशोधन र फछ्र्योटसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई पब्लिक लिमिटेड कम्पनी बनाइनेछ ।

**कर्जा विस्तारमा जोड**

चालू आर्थिक वर्ष २०८१/८२ का लागि सरकारले राखेको छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्नेगरी तरलता व्यवस्थापन र कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रतर्फ उन्मुख गरिने मौद्रिक नीतिमा उल्लेख छ । चालू आर्थिक वर्षका लागि विस्तृत मुद्राप्रदायको वृद्धिदर १२ र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धिदर १२ दशमलव पाँच प्रतिशतसम्म रहने प्रक्षेपण राष्ट्र बैंकले गरेको छ ।

**चेक बाउन्स हुँदैमा कालोसूचीमा नराखिने**

चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैंकिङ कारोबारमा बन्देज हुनेगरी खाता रोक्का राख्नेलगायतका व्यवस्था परिमार्जन गर्नेगरी विद्यमान कर्जा सूचना तथा कालोसूचीसम्बन्धी निर्देशनमा पुनरावलोकन गर्ने नीति राष्ट्र बैंकले लिएको छ । त्यस्तै, प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटलले लगानी गरेको संस्था कुनै कारणवश कर्जा चुक्ता गर्न नसकी कालोसूचीमा पर्ने अवस्था आएमा लगानी गर्ने प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटललाई कालोसूचीमा नपर्ने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ ।

**ऋणपत्र क्षेत्रगत कर्जामा गणना गरिने**

चालू आर्थिक वर्षको मौद्रिक नीतिले ऊर्जासम्बन्धी ऋणपत्रहरूलाई क्षेत्रगत कर्जाका रूपमा गणना गर्न पाउने व्यवस्था गरेको छ । ऊर्जा क्षेत्रमा लगानी अभिवृद्धि गर्न ऊर्जा क्षेत्रसँग सम्बन्धित विशिष्टिकृत संस्थाबाट जारी गरिएका ऊर्जा बन्डलगायतका ऊर्जासम्बन्धी ऋणपत्रमा गरिएको लगानीलाई कर्जा क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न सकिने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ ।

# मौद्रिक नीति तुलनात्मकरूपमा केही लचक छ –चेम्बर अफ कमर्स

काठमाडौं, ११ साउन/रासस

नेपाल चेम्बर अफ कमर्सले आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति तुलनात्मकरूपमा केही लचक आएको टिप्पणी गरेको छ । नेपाल राष्ट्र बैंकले शुक्रवार सार्वजनिक गरेको मौद्रिक नीतिका केही पक्ष सकारात्मक र केही विषय अझै सम्बोधन हुन नसकेको चेम्बरले जनाएको हो ।

आज एक विज्ञप्ति जारी गरी चेम्बरले मौद्रिक नीतिमार्फत बैंकदर र नीतिगत दर घटाइएको विषयलाई सकारात्मकरूपमा लिएको जनाएको छ । विज्ञप्तिमा भनिएको छ, "बैंकदरलाई सात प्रतिशतबाट छ दशमलव पाँच प्रतिशत र नीतिगत दरलाई पाँच दशमलव पाँचबाट पाँच प्रतिशत कायम गरिएको छ । यसले ब्याजदर घटाउन सहजता प्रदान गर्नेछ ।"

निर्माण व्यवसायमा आएको शिथिलतालाई दृष्टिगत गरी सो क्षेत्रको पुनर्स्थापनाका लागि मौद्रिक नीतिमा गरिएका व्यवस्थाहरू पनि सकारात्मक रहेको उल्लेख गर्दै चेम्बरले चालू आवको बजेट र मौद्रिक नीतिको प्रभावकारी समन्वयमार्फत अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने जनाएको छ । असल कर्जामा गर्नुपर्ने विद्यमान एक दशमलव २० प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई घटाएर एक दशमलव १० प्रतिशत कायम गरिनुपर्ने व्यवस्था सकारात्मक रहेको चेम्बरको ठहर छ ।

चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैंकिङ कारोबारमा बन्देज हुनेगरी खाता रोक्का

(बाँकी अन्तिम पातामा)



# बिपी स्मृतिको अवसरमा जीराभवानीमा वृक्षारोपण



प्रस, सेढवा, ११ साउन/

जीराभवानी गाउँपालिका–२ स्थित वनशक्ति प्रावि काठमाडौंटोलमा वृक्षारोपण गरिएको छ।

बिपी कोइरालाको ४२औं जन्मजयन्तीको अवसरमा नेपाली काङ्ग्रेस जीराभवानी गापा–२ कार्यसमितिले आयोजना गरेको कार्यक्रममा विभिन्न प्रजातिका बिरुवा रोपिएको हो।

कार्यक्रममा मधेस प्रदेश सांसद शङ्करप्रसाद चौधरीले जलवायु परिवर्तनका कारण अहिले विभिन्न समस्याको सामना गर्नुपर्ने भएकाले वृक्षारोपण गर्न आग्रह गरे । उनले वनविनाशका कारण रूखबिरुवामा कमी भएपछि अत्यधिक गर्मी र कम वर्षा भएको बताए ।

सांसद चौधरीले जनसङ्ख्याको वृद्धि हुँदा बोटबिरुवा मासिएको र अक्सिजनको कमी हुँदै गएको बताए । उनले मानव अस्तित्व जोगाउन हरेक नागरिकलाई रूखबिरुवा रोप्न आग्रह गरे । नेका जीराभवानी गापा–२ कार्यसमितिका सभापति सरोज चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा गापाअध्यक्ष अनोज चौधरी, उपाध्यक्ष रेखा चौधरी, प्रधानाध्यापक गोविन्द मिर्दाहा, रामलाल साह, शेख नुमान आजम, अर्जुन चौधरी, शिक्षकहरूलगायतको सहभागिता थियो ।


## जनसङ्ख्यालाई शक्ति र साधनको रूपमा उपयोग गरौं

- जनसङ्ख्याको असमान वितरणलाई रोकौं,
- आप्रवासीका समस्या समाधान गरौं,
- लैङ्गिक समानता कायम गरौं,
- सीमान्तकृत र लोपोन्मुख अवस्थामा रहेका जनसङ्ख्याको संरक्षण गरौं,
- व्यवस्थित बसोबास गरौं र गराऔं,
- अव्यवस्थित बसोबासबाट पर्यावरणमा पर्ने प्रभाव न्यूनीकरण गरौं,
- बस्ती विकासलाई व्यवस्थित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## नक्कली नोटसहित दुईजना पक्राउ

प्रस, वीरगंज, ११ साउन/

रौतहटको चन्द्रपुर नगरपालिका–१० बालचनपुरबाट १३ हजार नक्कली नोटसहित दुईजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सर्लाही गोडैता नगरपालिका–८ बस्ने ३२ वर्षीय नजरे आलम र २४ वर्षीय इमामुलहक दर्जी रहेका छन्।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले बाग्मती प्रदेश ०२–०२१ प६३६८ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा मोटरसाइकलको सिट कभरभित्र नक्कली नोट बरामद भएको प्रहरीले जनाएको छ।

**साउन ...**

माछामासु खान छाडेका छन्। पोखरियमा २० वटा कुखुराको मासु बिक्री गर्ने पसल छन् । साउन महीना शुरू भएपछि सातवटा बन्द भएका छन् भने अन्यमा पनि बिक्री स्वात्तै घटेको विक्रेताहरू बताउँछन्। पोखरिया बजारमा बोइलर कुखुराको मासु बिक्री गर्ने गौरीशङ्कर रौनियारले सामान्य अवस्थामा २० वटा पसलबाट २० क्वीन्टलको हाराहारीमा मासु बिक्री हुने गरेको तर अहिले भने डेढ क्वीन्टल पनि बिक्री हुन छाडेको बताए। उनले बोइलर कुखुराको मासुको दाम पनि अहिले घटेको बताए। साउन अघिसम्म साढे तीन सय रुपैयाँ प्रतिकिलोमा बिक्री हुने बोइलर कुखुराको मासु अहिले रु ३२० मा बिक्री भइरहेको बताए।

यसैगरी, खसीको मासु विक्रेता सलिम मियाँले पोखरिया बजारमा मात्र दैनिक १५ भन्दा बढी खसीको मासु बिक्री हुँदै आएकामा अहिले एउटा खसी पनि बिक्री गर्न गाह्रो भएको बताए। खसीको मासु पोखरियामा छालासहित प्रतिकिलो रु आठ सय र छालारहित रु एक हजारमा बिक्री हुँदै आएको छ।

**मौद्रिक ...**

राख्नेलगायत व्यवस्था परिमार्जन गर्नेगरी विद्यमान कर्जा सूचना तथा कालोसूचीसम्बन्धी निर्देशिकामा पुनरावलोकन गरिने व्यवस्था सकारात्मक रहेको विज्ञप्तिमा उल्लेख छ।

संस्थागत शेयर कारोबारलाई प्रोत्साहन गर्न हाल कायम रु २० करोडको कर्जा सीमा हटाउने पक्ष सकारात्मक भएपनि रु ५० लाखभन्दा माथिको कर्जा प्रवाहको जोखिमभार शतप्रतिशत कायम गरिनुपर्ने माग सम्बोधन हुन नसकेको चेम्बरले गुनासो गरेको छ।

यस्तै, घरजग्गा कारोबारलाई थप गति दिन रु ५० लाखभन्दा माथिको कर्जा जोखिमभार शतप्रतिशत कायम गरिनुपर्ने एवं मूल्याङ्कनको सीमा ८०–२० को रेसियो कायम गरिनुपर्ने माग पूरा हुन नसकेको चेम्बरले उल्लेख गरेको छ।

# खेलकूदको संसार

## ओलम्पिकमा १५औं नेपाली सहभागिता

राजु सिलवाल

फ्रान्समा शुक्रवारदेखि औपचारिकरूपमा शुरू हुने ३३औं गृष्मकालीन ओलम्पिकमा कुन देशले कस्तो प्रदर्शन गर्ला तथा कुन मुलुकले अत्यधिक पदक हासिल गर्ला विश्वभरिका मानिसका लागि कौतुहलताको विषय बनेको छ। ओलम्पिक अन्तर्गत फूटबल, रग्बीलगायतका खेलका प्रतियोगिता भने गत बुधवार नै शुरू भइसकेका छन्।

ओलम्पिकमा भाग लिन नेपाली खेल टोली पनि राजधानी पेरिस पुगिसकेको छ। यसपालि एक नेपाली खेलाडी छनोट प्रतियोगिता जितेर ओलम्पिकमा सहभागी हुन गएका छन्। टेबुल टेनिस खेलाडी स्यान्टु श्रेष्ठ दक्षिण एशियाको छनोट चरण पार गरेर ओलम्पिकमा सहभागी हुन सफल भएका छन्। अन्य खेलाडीहरूलाई भने कोटा तथा वाइल्ड कार्डको आधारमा सहभागी गराइएको हो। नेपालले ओलम्पिकमा विभिन्न छ खेलमा सात खेलाडीलाई सहभागी गराउँदैछ। नेपालका अन्य खेलाडीहरूमा जुडोमा मनीता श्रेष्ठ प्रधान, एथलेटिक्समा सन्तोषी श्रेष्ठ, स्विमिङमा डुवाना लामा र एलेक्जान्डर शाह, ब्याडमिन्टनमा प्रिन्स दाहाल, सुटिङमा सुस्मिता नेपाल छन्। नेपालले पहिलोपटक ओलम्पिकमा ब्याडमिन्टनमा भाग लिन लागेको हो।

नेपालले ओलम्पिकमा भाग लिएको यो १५औं पटक हो। आज राति ११ बजेर ४५ मिनेट जाँदा पेरिसमा आयोजना भएको भव्य उद्घाटन समारोहमा नेपालको पनि सहभागिता रहनेछ। ओलम्पिकमा २०६ ओलम्पिक राष्ट्रिय टीमको सहभागिता रहनेछ। यसमध्ये एशियाका ४४ वटा देशले भाग लिंदैछन्। ओलम्पिकमा शरणार्थी टीमको समेत सहभागिता रहनेछ। नेपालले सन् १९६४ देखि ओलम्पिकमा भाग लिन शुरू गरेको थियो। पेरिस ओलम्पिकमा विभिन्न ३२ वटा खेलका ३२९ वटा इभेन्ट्स सञ्चालन हुँदैछन्।

यसअघि ओलम्पिकका लागि छनोट खेल पार गरी सहभागी हुन सफल नेपाली खेलाडीमध्ये पहिलो खेलाडीमा ताइक्वान्डोकी खेलाडी सङ्गीना वैद्य थिइन्। सन् २००४ मा ग्रीसको राजधानी एथेन्समा आयोजित ओलम्पिकमा उनी छनोट चरणमा जितेर भाग लिन सफल भएकी थिइन्। सन् २००८ मा चीनको राजधानी बेइजिङमा आयोजित ओलम्पिकमा ताइक्वान्डो खेलाडी दीपक विष्ट पनि छनोट खेल जितेर ओलम्पिक खेल्न गएका थिए। अन्य खेलाडीहरू भने कोटा तथा वाइल्ड कार्डको आधारमा ओलम्पिकमा सहभागी हुँदै आइरहेका छन्। ओलम्पिकमा एथलेटिक्स तथा स्विमिङ खेलमा अनिवार्य सहभागी पठाउनुपर्ने नियम अनुसार ती खेलमा नेपाली सहभागी बढी भएको पाइएको हो।

**विगतको सहभागिता**

सन् १९६४ मा जापानको राजधानी टोकियोमा आयोजित ओलम्पिकदेखि नेपालले ओलम्पिकमा प्रतिस्पर्धा गर्न शुरू गरेको थियो। त्यतिखेर नेपाली टीममा दुई धावक र चारजना बक्सरलाई समावेश गरिएको थियो। बक्सरहरू भने हङकङस्थित गोरखा रेजिमेन्टमा कार्यरत नेपाली सैनिकहरू थिए। सन् १९६८ मा मेक्सिकोमा आयोजित ओलम्पिकबाहेक नेपालको ओलम्पिकमा सहभागिता छुटेको छैन। हालसम्म सबैभन्दा धेरै एथलेटिक्सका खेलाडीले नेपालको तर्फबाट ओलम्पिकमा भाग लिएका छन्।

सन् १९७२ मा जर्मनीको म्युनिखमा आयोजित ओलम्पिकमा नेपालबाट दुईजना धावक सहभागी भएका थिए। सन् १९७६ मा क्यानडाको मोन्ट्रियलमा आयोजित ओलम्पिकमा नेपालको तर्फबाट धावक वैकुण्ठ मानन्धरले मात्र भाग लिएका थिए। उनले लगातार चारवटा ओलम्पिकमा दौडेर नेपालबाट सबैभन्दा धेरैपटक ओलम्पिकमा सहभागी हुने अवसर प्राप्त गरेका थिए।

सन् १९८० मा रूसमा आयोजना गरिएको ओलम्पिकमा नेपालबाट एथलेटिक्स, बक्सिङ र भारोत्तोलनमा १२ जना खेलाडी सहभागी भएका थिए। सन् १९८४ मा अमेरिकाको लस एन्जल्समा आयोजित ओलम्पिकमा पनि एथलेटिक्स, भारोत्तोलन बक्सिङमा ११ जना खेलाडी पठाइएको थियो। सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा आयोजित ओलम्पिकमा नेपालको खेल टोली विगतमा भन्दा ठूलो थियो। त्यस प्रतियोगितामा नेपालले एथलेटिक्स, बक्सिङ, भारोत्तोलन, जुडो, सुटिङ र ताइक्वान्डो खेलमा १८ जना खेलाडीलाई सहभागी गराएको थियो। सन् १९९२ मा स्पेनको बार्सिलोना ओलम्पिकमा ताइक्वान्डो, सुटिङ र एथलेटिक्समा पाँचजनाले भाग लिएका थिए। सन् १९९६ मा अमेरिकाको एटलान्टामा एथलेटिक्स, भारोत्तोलन र सुटिङमा छजना गएका थिए।

यस्तै, सन् २००० मा अस्ट्रेलियाको सिड्नीमा नेपालले एथलेटिक्स, स्विमिङ तथा सुटिङमा गरी पाँचजना खेलाडी पठाएको थियो। सन् २००४ मा ग्रीसको एथेन्समा नेपालबाट ताइक्वान्डो, एथलेटिक्स, भारोत्तोलन र सुटिङमा छजना खेलाडीहरू पठाइयो। सन् २००८ मा चीनको राजधानी बेइजिङमा आयोजित ओलम्पिकमा पनि एथलेटिक्स, जुडो, सुटिङ, स्विमिङ र ताइक्वान्डोमा नौ खेलाडी सहभागी गराइएको थियो। सन् २०१२ मा लन्डन ओलम्पिकमा एथलेटिक्स, स्विमिङ र सुटिङमा भाग लिन चारजना नेपाली गएका थिए। सन् २०१६ मा दक्षिण अफ्रिकाको रियो दी जेनिरियोमा नेपालले एथलेटिक्स, स्विमिङ, जुडो र आर्चरीमा गरी छजनालाई सहभागी गराएको थियो। सन् २०२१ को जापानको टोकियो ओलम्पिकमा एथलेटिक्स, स्विमिङ र एथलेटिक्समा पाँचजना खेलाडीले भाग लिएका थिए।

**गौरवमय त्यो क्षण**

सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा भएको गृष्मकालीन ओलम्पिक प्रतियोगितामा नेपालले ताइक्वान्डो खेलमा कांस्य पदक पाएको थियो। खेलाडी विधान लामाले उक्त पदक जितेका थिए। सन् १९८६ मा विधानसहित आठ नेपाली खेलाडीले सियोलमैं एशियाली खेलकूदमा कांस्य पदक पनि पाएका थिए। सम्पूर्ण नेपाली गौरवान्वित बनेको त्यो खुशीको क्षण क्षणिक बन्न पुग्यो। त्यतिखेर ओलम्पिकमा ताइक्वान्डो खेललाई प्रदर्शन खेलका रूपमा समावेश गरिएकाले खेलाडी लामाले जितेको पदकलाई आधिकारिक मान्यता प्रदान नगरिएपछि नेपाल आधिकारिक पदकतालिकामा अङ्कित हुनबाट वञ्चित हुन पुगेको थियो।

**नगण्य उपलब्धि**

ओलम्पिकमा नेपाली खेलाडीहरूको सहभागिता १५ पटक पुगे पनि हालसम्म सहभागितामैं सीमित रहेको छ। एशियाली खेलकूदमा रजत पदकसम्म जित्न सकेको नेपालले हालसम्म ओलम्पिकमा भने कुनै पदक जित्न सकेको छैन। ओलम्पिकमा सहभागिता अझै पनि औपचारिकतामा सीमित रहेको छ। ओलम्पिकका लागि दीर्घकालीन योजना सञ्चालन नहुनाले यस्ता ठूला प्रतियोगितामा नेपालको सहभागिता खाली औपचारिकतामा सीमित हुन पुगेको हो। यस्ता प्रतियोगितामा विभिन्न खेलमा भाग लिनुभन्दा उचित प्रदर्शन गर्न सकिने सीमित खेललाई जोड दिनु उचित हुने गर्छ। खेलाडीको क्षमताको मूल्याङ्कन नगरी कोटा प्राप्त भएकै आधारमा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिनु उचित हुन्छ कि हुँदैन गम्भीर भएर सोच्नुपर्ने बेला पनि आएको छ।

प्रतियोगिताको केही समयअघि खेलाडी जम्मा गरी दिइएको प्रशिक्षण ओलम्पिकजस्तो विश्वस्तरीय प्रतियोगिताका लागि अपर्याप्त भएको अनुभव विगतदेखि नै हुँदै आइरहेको छ। सीमित समय र सानो लगानीले ओलम्पिकमा सफलता सम्भव नभएको कुरा स्वयम् खेल क्षेत्रसँग सम्बन्धित अधिकारी तथा प्रशिक्षकहरूले बताउँदै आइरहेका छन्। वर्षैंभरि नियमित प्रशिक्षण, पर्याप्त मात्रामा खेल प्रतियोगितामा सहभागिता, वैदेशिक प्रशिक्षण र प्रतियोगितामा जाने अवसरले खेलाडीको क्षमता अभिवृद्धि गर्दै लैजाने गर्छ। यसैगरी, उनीहरूलाई यथोचित सुविधातर्फ पनि ध्यान दिनु जरुरी पर्छ। यसै सिलसिलामा हालसम्म कैयौं स्थापित खेलाडीहरूसमेत विदेश पलायन हुनु चिन्ताको विषय बनेको छ।

नेपालमा सरकार परिवर्तनसँगै त्यसको प्रत्यक्ष असर खेलकूद क्षेत्रमा पनि पर्ने गरेको छ। खेलकूद क्षेत्रको आधिकारिक निकाय राष्ट्रिय खेलकूद परिषद्मा हुने गरेको पदाधिकारी परिवर्तनले पनि नेपालको समग्र खेलकूदको विकासमा असर पर्ने गरेको छ। नेपालमा भएका सयौं खेलकूद सङ्घ पनि नेपालको अन्तर्राष्ट्रिय असफलतामा जिम्मेवार रहेका छन्। नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीजस्ता विभागीय टीमहरूले खेलाडीहरूलाई रोजगार दिई नियमितरूपमा प्रशिक्षण सञ्चालन गरेर नेपालको अन्तर्राष्ट्रिय सहभागितामा यथाशक्य योगदान दिइरहेका छन्।

दक्षिण एशियाली मुलुकहरूमध्ये भारतले हालसम्म ओलम्पिकमा ३५ वटा पदक जितिसकेको छ। यसैगरी, पाकिस्तानले १० तथा श्रीलङ्काले दुईवटा पदक पाइसकेका छन्। अब नेपालले पनि ओलम्पिकजस्तो खेलकूद प्रतियोगितालाई औपचारिकतामा मात्र सीमित हुन नदिई पदकप्राप्तिका लागि उचित पहल गर्न जरुरी भइसकेको छ। ओलम्पिक भनेको खेलाडीले राष्ट्रिय कीर्तिमान भङ्ग गर्दा गौरव गर्ने क्षण होइन। पदक जितेर मुलुकको छवि जाज्वल्यमान बनाउने महत्त्वपूर्ण अवसर हो। नेपाल सरकारले पनि ओलम्पिकलाई उच्च प्राथमिकता दिई दीर्घकालीन वार्षिक योजना बनाउन तथा पदक प्राप्तसम्मका लागि आवश्यक पूर्वाधारहरू जुटाउन नेतृत्व लिनुपर्ने आवश्यकता देखिएको छ। (लेखक खेलकूद पत्रकार हुन्/रासस)